# विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

२०७९- २०८७

(सन् २०२३-२०३०)

## लुम्बिनी प्रदेश सरकार

### आन्तरिक मामिला,कानून तथा सहकारी मन्त्रालय

### राप्ती उपत्यका (देउखुरी), नेपाल

**२०७९**

# विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

२०७९- २०८७

(सन् २०२३-२०३०)

## लुम्बिनी प्रदेश सरकार

### आन्तरिक मामिला,कानून तथा सहकारी मन्त्रालय

### राप्ती उपत्यका (देउखुरी), नेपाल

२०७९

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**राप्ती उपत्यका देउखुरी, नेपाल**

**मुख्यमन्त्री**



# शुभकामना

लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, राप्ती उपत्यका देउखुरीले विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९-२०८० पुस्तिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ। प्रदेशको विपद्को वस्तुस्थिति र यसको जोखिम न्यूनीकरणका लागि रणनीति र कार्ययोजना समेटिने यो पुस्तिका सूचना र जानकारी प्रवाह गर्न सहयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

भौगोलिक विविधता रहेको लुम्बिनी प्रदेश विपद्को उच्च जोखिममा रहेको छ । जोखिम न्यूनीकरणका लागि समयमै रणनीति र कार्ययोजना निर्माण गरेर तीनवटै तहका सरकार लाग्नुपर्दछ। यसका लागि संघ, प्रदेश र स्थानीय सरकारको उत्तिकै दायित्व रहेको छ। प्रदेश सरकार आफ्नो अधिकार सूची र जिम्मेवारीभित्र पर्ने कार्य सम्पादन गर्दै अगाडि बढेको छ। संघ र स्थानीय तहसँगको सहकार्यबाट विपद् जोखिम न्यूनीकरण गर्न र रणनैतिक कार्ययोजनामा समेटिएका लक्ष्यहरू पूरा गर्नुका साथै उपलब्धि हासिल गर्न पूर्ण कटिबद्ध रहेको छ । 'समृद्ध प्रदेश : आत्मनिर्भर लुम्बिनी' को लक्ष्यलाई साकार पार्नेगरी आवधिक, मध्यकालीन र दीर्घकालीन योजना तय गरी तिनलाई साकार पार्ने काममा प्रदेश सरकार दत्तचित्त भएर लागिपरेको छ।

लुम्बिनी प्रदेश सरकारले प्रदेशबासी नागरिकलाई विपद्को जोखिममा पर्न नदिन र विपद् न्यूनीकरण गर्ने विभिन्न आयामहरूलाई समेटी सम्भावित लक्ष्य र सूचकहरू राखी 'विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९-२०८०' पुस्तिका तयार गरिसकेको छ । यसमा विपद् जोखिम न्यूनीकरणका आवधिक र दीर्घकालिन लक्ष्य र योजनालाई पूर्णता दिन प्रदेश सरकार प्रतिबद्ध छ।

अन्तमा यो पुस्तिका महत्वपूर्ण र उपयोगी सिद्ध हुने विश्वास लिएको छु। लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयले प्रतिवेदन पुस्तिकालाई आगामी वर्षहरुमा पनि निरन्तरता देओस् यसका लागि शुभकामना व्यक्त गर्दछु।

२७ चैत, २०७९

................
लिला गिरी
मुख्यमन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



पत्र संख्या: ०७९/८०

चलानी नं.:

# शुभकामना मन्तब्य

लुम्बिनी प्रदेश भुकम्प वाढी,पहिरो, हावाहुरी, चट्याङ्, आगलागी, महामारी आदि लगायतका प्राकृतिक, गैर प्राकृतिक विपद्को दृष्टिकोणले उच्च जोखिममा रहेको छ । २०७२ सालको भुकम्पको क्षति वाट यो प्रदेश अछुतो रहन सकेन । यो बर्षको (२०७९ असोज १८ गते देखि २५ गते) आएको अविरल बर्षाका कारण प्रदेशलाई ठुलो क्षेतीहुन पुग्यो । विगतका यी र यस्ता घटनाहरु दृष्टिगत गरी भविस्यमा आउन सक्ने प्राकृतिक प्रकोपहरुलाई कसरी न्यूनीकरण गरी जनताको जिउधनको रक्षा गर्न सकिन्छ भन्ने विषयमा सबैले आ-आफ्नोक्षेत्र र माध्यमवाट सक्रिय रुपमा सोच्नजरुरी देखिएकोले यस प्रदेशमा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना-२०७९ पारित गरि कार्वान्वयनमा ल्याइएको छ।विपद् बहुआयामिक विषय भएकोले विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्दार, राहत वितरण, पुनर्स्थापना र पुनर्निर्माण सरोकारवाला निकाय र पक्षहरुविच प्रभावकारी समन्वयको जरुरी हुन्छ ।

विपद् व्यावस्थापन संघ प्रदेश स्थानिय तह र गैर सरकारी संघ/संस्था आपसमा मिलेर काम गरिरहेको अवस्था विध्यमान छ। यस किसिमको सह-कार्यलाई अझ प्रभावकारी बनाउनु आजको आवश्यकतादेखिन्छ। विपद् व्यवस्थापनमा तिनै तहका सरकारहरुको उत्तिकै महत्वपुर्ण भुमीका हुने सन्दर्भमा प्रदेशका १०९ वटै स्थानीय तहहरुसँगको समन्वयमा १२ जिल्लाहरु विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधीक गरि जिल्ला विपद् व्यावस्थापन समितिको निणर्यानुसार प्रदेशलेसमयमै जनताले अनुभुती गर्नेगरी कार्य गरेको छ। प्रदेशको

विपद् व्यवस्थापन समितीबाट स्विकृत योजनाले प्रदेशको समस्टिगत अवस्थालाई चित्रित गरेको छ ।यसका माध्यमबाट सम्वन्धित क्षेत्रगत निकायहरुले आ-आफ्नो नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरी विपद् व्यवस्थापनको क्षेत्रमा समन्वयात्मक रुपमा आफ्ना गतिविधिहरुलाई प्रभावकारी रुपमा अघि बढाउन सक्नेछन भन्ने विश्वास लिएको छु । यसविपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना-२०७९ निर्माणमा सहयोग गर्नुहुने सम्पूर्णमाधन्यवाद् दिदै सफलताको शुभकामना ब्यक्त गर्दछु ।

...................................

तुल्सिराम शर्मा

मन्त्री

आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



पत्र संख्या: ०७९/८०

चलानी नं.:

# शुभकामना मन्तब्य

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा गैर प्राकृतिकविपद् जोखिमका दृष्टिकोणबाट उच्च जोखिमयुक्त देश हो। पर्वत श्रङ्खला, विविधतायुक्त भू-बनोट, चलायमान भौगर्भिक अवस्था तथा जलवायु परिवर्तनको नकरात्मक असर र भारी मनसुनी बर्षा आदि यसका कारणहरु हुन । नेपाल बहुजोखिमयुक्त मुलुक मध्ये २० औं स्थान, जलवायु परिवर्तन, जोखिमका दृष्टिले ४ औं स्थान, भुकम्पिय जोखिमको दृष्टिले ११ औं स्थान एवं बाढीजन्य जोखिमको दृष्टिले ३० औं स्थानमा रहेको छ ।

विपद् व्यवस्थापनका गतिविधिहरुलाई समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद् बाट सर्वसाधारणको जिउज्यान र सम्पतिको संरक्षण गर्न दैवी उद्धार ऐन, २०३९ लाई प्रति स्थापन गरि विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आएको छ । यो ऐनले विपद् व्यवस्थापनको समग्र चक्रलाई समेटी संघ, प्रदेश र स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी भुमिका र जिम्मेवारीहरु स्पष्ट गरेको छ। प्रत्येक वर्ष आइपर्ने मौसमी तथा अन्य प्राकृतिक विपद्को सामना गर्दै विपद् पूर्वतयारी, खोज उद्धार तथा राहतलाई व्यवस्थित गरी जनधनको क्षती न्यूनिकरण गर्न प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितीलेविपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना-२०७९ कार्यान्वयनमा ल्याएकोमा सफलताको शुभकामना दिन चाहन्छु ।

अन्त्यमा, विपद् व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गर्ने कार्यमा सहयोग पुर्याउनुहुने माननीय मुख्यमन्त्रीज्यू, मुख्य सचिबज्यू, बिभिन्न मन्त्रालयका मन्त्री तथा सचिबज्यूहरु, विपद् सम्पर्क ब्यक्तीहरु, जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरु, प्रदेश अन्तर्गत रहेकानगरपालिका नगर प्रमुख तथा उप-प्रमुख र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरु, सुरक्षा निकायका प्रमुखहरु, सञ्चारकर्मीहरु, जिल्लाका अगुवा सहयोगी संस्था संयुक्त राष्ट्र संघीय बाल कोष (UNICEF), संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP), नेपाल रेडक्रस सोसाइटी र सबै गैरसरकारी तथा सामुदायीक सघंसंस्थाका प्रमुख एवं प्रतिनिधीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला सबैको सकारात्मक र सिर्जनात्मक भूमिका रहनेछ भन्ने अपेक्षासमेत राखेको छु ।

..............................

लालबाबु कवारी

सचिव

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

# विषयसूची

**अध्याय १**

**पृष्ठभूमि** १

१.१. भौगोलिक बनोट १

१.२. भौगर्भिक बनोट १

१.३. नदी तथा जलाधार क्षेत्र २

१.४. प्रकोपको अवस्था भौगर्भिक बनोट २

१.४.१. प्राकृतिक प्रकोप भौगर्भिक बनोट ३

(क) भूकम्प ३

(ख) पहिरो ३

(ग) बाढी ४

(घ) खडेरी ४

(ङ) शितलहर ५

१.४.२. मानव सिर्जित एवं अन्य प्रकोपहरू ५

(क) महामारी ५

१.५. विपद्को अवस्था ६

१.५.१ प्रदेशको विपद्को अवस्था ६

(क) भूकम्प ७

(ख) बाढी ७

(ग) पहिरो ८

(घ) आगलागी ८

(ङ) चट्याङ ९

(च) सडक दुर्घटना ९

(छ) महामारी १०

**अध्याय २**

**मौजुदा नीतिगत व्यवस्था र सिकाइ** ११

२.१. संवैधानिक व्यवस्था ११

२.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन २०७४: ११

२.३. राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५) १२

२.४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ १३

२.५. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ १३

२.६. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० १३

२.७. विपद् जोखिम व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था १४

२.८.	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएको प्रादेशिक व्यस्था	१६
२.८.१. आवधिक योजना	१६
२.८.२. आर्थिक वर्ष २०७९/२०८० को बजेटमा भएका व्यवस्था	१६

**अध्याय ३**

**विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना	१८**
३.१.	परिचय	१८
३.२.	कार्ययोजना तर्जुमा प्रक्रिया	१८
३.३.	मार्गदर्शक सिद्धान्त	२१
३.४.	दीर्घकालीन सोच, अपेक्षित परिणाम, लक्ष्य, उद्देश्य	२२
३.५.	मापनयोग्य लक्ष्य प्रक्षेपण	२३

**अध्याय ४**

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिम आँकलन एवं बुझाइको विकास	३०**
४.१.	प्राथमिकता प्राप्त कार्य १: बहुप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण	३०
४.२.	प्राथमिकता प्राप्त कार्य २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण:	३७
४.३.	प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि	४१

**अध्याय ५**

**प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण	४६**
५.१.	प्राथमिकता प्राप्त कार्य ४: नीतिगत व्यवस्था, संस्थागत विकास एवं सुदृढीकरण	४६
५.२.	प्राथमिकता प्राप्त कार्य ५: समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन	५२
५.३.	प्राथिमकता प्राप्त कार्य ६: समन्वय संयन्त्रको विकास	५४
५.४.	प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम न्यूनीकरणका लागि सहकार्य र साझेदारी अभिवृद्धि:	५५

**अध्याय ६**

**प्राथमिकता प्राप्त क्षेत्र ३ : विपद् जोखिम न्यूनीकरणमा आधारित लगानी प्रवर्द्धन	५८**
६.१.	प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लगानी अभिवृद्धि:	५८
६.२.	रणनीतिक कार्य १०: विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि	७०
६.३.	रणनीतिक कार्य १४: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन	७२

**अध्याय ७**

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् पूर्वतयारीको सुदृढीकरण** ७४

७.१. प्राथमिकता प्राप्त कार्य १२: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरण ७४

७.२. प्राथमिकता प्राप्त कार्य १३: बहू-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार ७९

७.३. रणनीतिक कार्य १४ : खोज तथा उद्धार क्षमता विकास ८२

७.४. प्राथमिकता प्राप्त कार्य १५: उत्थानशील पुनर्निर्माण, पुन:स्थापना र पुनर्लाभका लागि "अझ राम्रो र बलियो निर्माण" को प्रवर्द्धन ८५

**अध्याय ८**

**रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था** ८८

८.१. औपचारिक श्रोत बाँडफाँड प्रक्रिया ८८

८.२. प्रदेश तथा स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापनबाट व्यवस्था भएको बजेट ८८

८.३. नियामक प्रक्रियाबाट प्राप्त श्रोत ८८

८.४. विपद् व्यवस्थापन कोषको परिचालन ८९

८.५. प्रदेशका लागि आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त कार्यक्रम सहयोग ८९

८.६. अन्य स्रोतबाट प्रदेशलाई प्राप्त हुने स्रोत ९०

**अध्याय ९**

९.१ रणनीतिक कार्ययोजनाको कार्यान्वयन: ९१

९.२. अनुगमन तथा मूल्याङ्कन ९२

९.३. पुनरावलोकन र अध्यावधिक: ९३

**सन्दर्भ सामग्री** ९४

# अध्याय १ पृष्ठभूमि

## १.१. भौगोलिक बनोट

नेपालको पश्चिम दक्षिण क्षेत्रमा लुम्बिनी प्रदेश अवस्थित छ। भौगोलिक दृष्टिकोणले लुम्बिनी प्रदेशका चार जिल्ला रुपन्देही, कपिलवस्तु, बाँके र बर्दिया तराई क्षेत्रमा र दाङ, नवलपरासी, पाल्पा र अर्घाखाँचीसहित चार जिल्लाको धेरैजसो भू-भाग चुरे क्षेत्रमा र केही भू-भाग महाभारत शृङ्खलामा र बाँकी चार जिल्ला रोल्पा, पूर्वी रुकुम, गुल्मी र प्युठान मध्यपहाडी क्षेत्रमा अवस्थित छन् । तराई क्षेत्र समथर जमीनले बनेको छ र समुन्द्र सतहदेखि करिब १००-२०० मीटरको उचाइमा रहेको छ । चुरे क्षेत्र समुन्द्र सतहबाट करिब २०० मीटरदेखि १३०० मीटरको उचाइमा रहेको छ । यो क्षेत्र भौगोलिक दृष्टिले उच्च भिरालोपन रहेको र प्रायजसो वनजङ्गलले ढाकिएको छ । चुरे क्षेत्रको मध्यभागमा दाङ र देउखुरीजस्ता दून उपत्यकाहरू रहेका छन् । यी उपत्यका समुन्द्र सतहदेखि करिब २०० मीटरदेखि ३०० मीटरको उचाइमा रहेका छन् । यी उपत्यकामा मलिलो र उर्बर माटो पाइने भएकाले उच्च बसाइ सराईका कारण जनसङ्ख्या तीव्र गतिमा वृद्धि भइरहेको छ । फलस्वरुप यस क्षेत्रमा प्राकृतिक प्रकोपको सम्भावना दिनानुदिन बढिरहेको देखिन्छ । महाभारत क्षेत्र समुन्द्र सतहबाट १००० मीटरदेखि ३००० मीटरसम्म फैलिएको छ । तुलनात्मक हिसाबले यस क्षेत्रमा बस्तीहरू कम रहेकोले जनसङ्ख्याको चाप पनि कम छ । मध्यपहाडी क्षेत्र समुन्द्र सतहदेखि २०० मीटरदेखि २००० मीटरसम्म फैलिएकोले यहाँका पहाडहरूको भिरालोपन उच्च रहेको छ । फलस्वरुप पहिरोजन्य प्रकोपको सम्भावना उच्च रहेको छ ।

## १.२. भौगर्भिक बनोट

हिमालयको उत्पत्ति आजभन्दा करिब ५ करोड वर्ष पहिलेदेखि भारतीय र युरेशियाली प्लेटहरूबीचको सङ्घातबाट शुरु भएको हो । प्लेटहरूको सङ्घातबाट उत्तरतर्फ विशाल तिब्बती उच्च समस्थल र संसारकै उच्च पर्वत श्रृङ्खला हिमालय पर्वतको उत्पत्ति भएको छ । हिमालय पर्वत श्रृङ्खला करिब २४०० किलोमिटर लामो र करिब १५०-२०० किलोमिटर चौडा रहेको छ । हिमालयको मध्य भागमा ८०० किलोमिटर क्षेत्रमा फैलिएको नेपालले यसको करिब एक तिहाई भूभाग ओगटेर रहेको छ । हिमालयको अन्य भूखण्डजस्तै नेपाललाई पनि मुख्यतया चारवटा दरारहरूले लगभग पूर्व-पश्चिम दिशामा विभाजन गरेको छ । उत्तरबाट क्रमशः दक्षिणतर्फ साउथ टिबेटन डिच्याचमेन्ट सिस्टम (South Tibetan Detachment System) टेथिस हिमालय र हाइयर हिमालय बीच, मेन सेन्ट्रल थ्रस्ट (Main

central Thrust) हाइयर र लेसर हिमालयको मध्य भागमा मेन बाउण्डरी थ्रस्ट (Main Boundary Thrust) लेसर हिमालय र शिवालिकबीच र मेन फ्रन्टल थ्रस्ट (Main Frantal Thrust) शिवालिक र तराईबीच रहेका छन् । यी दरारहरू हिमालयको गर्भमा मेन हिमालय थ्रस्ट (Main Himalayan Thrust) मा गएर मिल्दछन् र शिवालिक क्षेत्रको अग्रभागको सतहमा यो दरार मेन फ्रन्टल थ्रस्टको (Main Frontal Thrust) रूपमा देखिन्छ ।

भौगर्भिक हिसाबले लुम्विनी प्रदेश तराई, शिवालिक वा चुरे पहाड र लेसर हिमालयमा अवस्थित छ । तराई क्षेत्र उत्तरतर्फबाट बग्ने कर्णाली, बबई, नारायणी, राप्ती, तिनाउँ लगायत नदीहरूले थुपारेको कालीमाटी, बालुवा तथा गेग्रयानबाट बनेको छ । शिवालिक पर्वतमाला भने क्रमश दक्षिणबाट उत्तरतर्फ मडस्टोन (Mudstone), स्याण्डस्टोन (Sandstone), सङ्गुटिका (Conglomerate) बाट बनेको छ । लेसर हिमालय भने परिवर्तित एवं पत्रेचट्टानद्वारा बनेको छ । साथै यी भौगर्भिक क्षेत्रहरूलाई सक्रिय दरारहरूले छुट्टयाएकोले भूकम्पीय प्रकोप उच्च रहेको छ । यसको अलावा कमजोर भौगर्भिक बनोट एवं उच्च भिरालोपनका कारण पहिरोजन्य प्रकोपको सम्भावना पनि उच्च रहेको पाइन्छ ।

## १.३. नदी तथा जलाधार क्षेत्र

लुम्विनी प्रदेशका मूख्य नदीहरूमा कर्णाली, बबई, तिनाउ, राप्ती र नारायणी रहेका छन् । यी नदीहरू पहाडी क्षेत्रका खोच तथा भिरालोपन भएको भागमा उच्च गतिले बग्ने हुँदा क्षयीकरण प्रशस्त मात्रामा भएर पहिरोजन्य प्रकोप बढी रहेका छन् भने दून उपत्यका तथा तराईमा पानीको बहाव मन्द तर फैलावटयुक्त हुने भएकोले बाढी, डुबान र पटानको जोखिम उच्च रहेको छ । यसैगरी यी नदीहरूको जलधार क्षेत्र ठूलो भएको र भू-आकृतिका कारण पनि नदीहरूमा पानीको मात्रा एवं वहाव वर्षायाममा उच्च रहने गर्दछ ।

## १.४. प्रकोपको अवस्था

लुम्विनी प्रदेशको भौगोलिक अवस्था, भौगर्भिक बनोट, वर्षाको तीव्रता र मात्रा एवं मानव अतिक्रमणका कारण भूकम्प, बाढी, पहिरोजस्ता प्राकृतिक प्रकोपको सम्भावना उच्च रहेको छ । यसको अलावा मानव सिर्जित, जैविक एवं प्राविधिजन्य प्रकोपको सम्भावना पनि बढ्दै गएको पाइन्छ । लुम्विनी प्रदेशमा विपद् निम्त्याउन सक्ने प्रकोपहरू र तिनको अवस्था संक्षेपमा तल प्रस्तुत गरिन्छ ।

## १.४.१ प्राकृतिक प्रकोप

### (१) भूकम्प

नेपालमा भूकम्पीय दृष्टिकोणले सक्रिय दरार चुरे पहाडको अग्रभागमा रहेको मेन फ्रन्टल थ्रष्ट पूर्व-पश्चिम दिशामा फैलिएको छ । हिमालयको गर्भमा यस दरारलाई मेन हिमालयन थ्रष्ट भनिन्छ । यस दरारमा सञ्चित तनावको प्रवाह हुँदा हिमालयमा विनाशकारी भूकम्पहरू जाने गर्दछन् । लुम्विनी प्रदेशमा यो दरार नवलपरासी जिल्लादेखि बर्दिया जिल्लासम्म फैलिएको छ । सन् १९९४ देखि सन् २०२२ सम्मका भूकम्पका केन्द्रविन्दुहरूको विश्लेषण गर्ने हो भने यो प्रदेश दुई उच्च केन्द्रविन्दु रहेको पश्चिम नेपालको बझाङ र मध्य नेपालको रसुवा वरिपरिको क्षेत्रमा पर्ने भएकोले उच्च भूकम्पीय प्रकोपनीहित क्षेत्रमा पर्दछ । पश्चिम नेपालमा पछिल्लो महाभूकम्प सन् १५०५ मा उत्तरी हिमालयमा गएको अनुसन्धानहरूले देखाएका छन् । तर  लुम्विनी प्रदेशको पूर्वी भागमा भने सन् १९३४ मा भोजपुर आसपास केन्द्रविन्दु बनाएर महाभूकम्प र सन् २०१५ मा गोर्खा जिल्लाको बारपाक गाउँलाई केन्द्रविन्दु बनाएर विनाशकारी भूकम्प गएको पाइन्छ । गत करिब पाँचसय वर्षमा यस क्षेत्रमा विनाशकारी भूकम्प गएको देखिँदैन । अतः लुम्विनी प्रदेशलगायत वरपरको क्षेत्रमा भने मेन हिमालयन थ्रष्टमा सञ्चित शक्तिको प्रवाह भई विनाशकारी वा महाभूकम्प जाने प्रवल सम्भावना रहेको तथ्य भूकम्पविद्हरूले अघि सारेका छन् । त्यसरी नै भूकम्पीय प्रकोप नक्साको आधारमा पनि यस क्षेत्रमा भविष्यमा जानसक्ने भूकम्पबाट उत्पन्न हुने प्रवेग उच्च (करिब ०.५ g देखि ०.६ g) रहेको छ । अतः लुम्विनी प्रदेशभूकम्पीय प्रकोपका दृष्टिकोणले संवेदनशील रहेको तथ्य स्पष्ट हुन्छ ।

### (२) पहिरो

भौगोलिक हिसाबले यस प्रदेशका आठ जिल्ला पहाडी भेगमा अवस्थित छन् । भिरालो पहाडी भूभाग, राजमार्ग तथा अन्य सडक खण्डका भिराला भित्ताहरू र नदीले कटान गरी बनाएका भिराला भू-क्षेत्रहरू पहिरो जान सक्ने क्षेत्रमा पर्दछन् । अव्यवस्थित शहरीकरण, अनियोजित भू-उपयोग लगायतका कारण प्रदेशका पहाडी भू-भाग पहिरोजन्य प्रकोपको हिसाबले जोखिमयुक्त छन् । यसको अलवा मुसलधारे वर्षाका कारण पुराना तथा निष्क्रिय भइसकेका पहिरोहरू पुनः सक्रिय हुने सम्भावना रहेको पाइन्छ । पहिरोको प्रकोपका हिसाबले रोल्पा, पूर्वी रुकुम, पाल्पा, अर्घाखाँची र गुल्मी जिल्ला बढी संवेदनशील छन् । नवलपरासी जिल्लाअन्तर्गत पूर्व-पश्चिम राजमार्गको दाउन्ने खण्ड र बुटवल-तानसेन सडक खण्ड पहिरोको उच्च जोखिमयुक्त पाइएको छ ।

## (३) बाढी

लुम्विनी प्रदेशका नदीहरूको उद्गमस्थल उच्च हिमाली, महाभारत पर्वत क्षेत्र तथा चुरे पहाड रहेका छन्। मुख्य नदीहरूको कूल लम्बाई ७,७३१ किलोमिटर छ । यस प्रदेशका मुख्य नदीहरू पूर्वी तथा पश्चिम  कर्णाली, बबई, राप्ती, अरुण खोला, नारायणी र तिनाउलगायतका नदीहरूले कृषियोग्य भूमिको सिँचाइमा ठूलो योगदान गरेका छन् । साथै मत्स्यपालन तथा अन्य कृषिजन्य पेशाको लागि आवश्यक पानी उपलब्ध गराई मानिसको जीवन निर्वाहमा ठूलो टेवा पुर्याएका छन् । तर, वर्षायाममा मुहान तथा जलाधार क्षेत्रमा हुने सघन वर्षाका कारण भौगोलिक अवस्थाअनुसार नदीहरूको वहाव बढ्ने गर्दछ । फलस्वरुप यस प्रदेशका तराईका बर्दिया, बाँके, कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लामा बाढीको प्रकोप उच्च रहेको छ । त्यसैगरी दुन उपत्यकाका दाङ र देउखुरी नदीहरूमा पनि बाढीको प्रकोप उच्च रहेको पाइन्छ । साथै नेपाल-भारत सीमामा निर्माण गरिएका बाँध तथा सडकका कारण वर्षाको पानीको प्राकृतिक वहावमा अवरोध उत्पन्न हुँदा तराई क्षेत्रमा डुवानको समस्या रहेको छ । यसका साथै अव्यवस्थित शहरीकरण र यथेष्ठ ढल निकासको अभावका कारण यस प्रदेशका नेपालगञ्ज, भैरहवा, तुल्सीपुर, घोराही तथा बुटवल लगायतका मुख्य शहरहरूमा शहरी बाढीको प्रकोप बढ्दो क्रममा रहेको छ ।

## (४) खडेरी

जलाधारमा आएको तीव्र परिवर्तन एवं जलवायु परिवर्तनका कारण नेपालमा खडेरी पनि प्रमुख प्राकृतिक प्रकोपको रूपमा देखिन थालेको छ । विशेषतः नेपालको तराई र पश्चिमका पहाडहरू वर्षेनी खडेरीको प्रकोपमा परी कृषि, पर्यावरण, मानव स्वास्थ्य एवं खाद्यान्न उपलब्धतामा प्रतिकूल प्रभाव पार्ने गर्दछ । प्रायः मङ्सिरदेखि जेष्ठ महिनासम्मको अवधि सुख्खा हुन्छ र मनसुन अवधिमा लामो समयसम्म पानी नपर्दा वा न्यून वर्षा हुँदा खडेरीको अवस्था उत्पन्न हुने गर्दछ ।

हिमालय क्षेत्रमा उच्च गतिमा भइरहेको जलवायु परिवर्तनका कारण चरम जलवायु घटनाका क्षेत्रीय तथा सामयिक ढाँचाहरूमा परिवर्तन हुने सङ्केत वैज्ञानिकहरूले गर्दै अएका छन् । नेपालमा उपलब्ध सन् १९८१ देखि २०१० सम्मको वर्षाको तथ्याङ्कअनुसार नेपालमा पूर्वमनसुन बढिरहेको देखिन्छ भने मनसुन पश्चातको वर्षा घटिरहेको पाइन्छ । साथै, तराई तथा चुरे क्षेत्रमा अपेक्षाकृत वार्षिक वर्षा र पानी पर्ने दिन कम हुन गएको छ। तर पनि यी क्षेत्रहरू चरम वर्षाको चपेटमा पर्ने अवस्था देखिएको छ । समग्रमा नेपालमा लगातार सुख्खा दिनहरूको सङ्ख्या बढ्ने र वास्तविक पानी पर्ने दिनहरूको सङ्ख्या घट्ने प्रवृत्ति देखिनुले देशभर सुख्खा हुने अवधि लम्बिएको सङ्केत गर्दछ ।

अतः यस प्रदेशको भौगोलिक अवस्था तथा क्षेत्रीय वर्षाको ढाँचालाई विश्लेषण गर्ने हो भने

सुख्खा दिनहरूको सङ्ख्या एवं अवधि बढ्नुले खडेरीको प्रकोपका भावनालाई सङ्केत गर्दछ भने अर्कोतर्फ छोटो अवधिमा वर्षाको उच्च तीव्रताले बाढी तथा पहिरोको प्रकोपलाई सङ्केत गर्दछ ।

### (५) शितलहर

शितलहरको समयमा जमिन सतहबाट २०० देखि ४०० मिटरसम्म हुसी तथा तुवालोले ढाक्दछ । सो कारण विहान कम दृष्यता **(Poor Visibility)** रहन्छ । तापक्रम न्यून हदैं जान्छ। तापक्रम १५ देखि १० डिग्री सेल्सियस सम्म कम हुँदै कम हुन जाँदा कतिपय मानिसहरु हाइपोथर्मियाका कारण मृत्यू वरण गर्न पुग्दछन् ।

जाडोयामको समयमा लुम्विनी प्रदेशमा खास गरि नवलपरासी पूर्व, रुपन्देही, कपिलबस्तु, दाङ, बाँके र बर्दिया जिल्लाहरूमा शितलहरवाट मानिसहरुको असाबधानीका कारणबाट हरेक वर्ष स्वास प्रस्वास, रुघाखोकी, निमोनिया जस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केहि व्यक्तिको मृत्यू समेत हुने गरेको छ । पशुपन्छी, अन्नवालीमा समेत प्रतिकुल प्रभाव परि धेरै मात्रामा नोक्सान हुने गरेको छ ।शितहरबाट विशेष गरी बालबालिका, जेष्ठनागरिक, सुत्केरी, गर्भवती, सीमान्तकृत वर्ग र पिछडिएको क्षेत्रका बासिन्दा लगाएतलाइ प्रभाव परेको पाइन्छ ।

## १.४.२ मानव सिर्जित एवं अन्य प्रकोपहरू

### (१) महामारी

हिमालय क्षेत्रमा तापक्रम वृद्धि तीव्र भएर भइरहेको जलवायु परिवर्तन, सरसफाइ र आवश्यक स्वास्थ्य सेवाको कमीले गर्दा नेपालका जन-समुदाय विशेषतः विकट ग्रामीण भेगका बासिन्दा वर्षेनी महामारीको चपेटामा पर्ने गर्दछन् । विश्वव्यापी तापक्रममा भएको बृद्धिका कारण जलवायुमा आएको परिवर्तनले ट्रपिकल क्षेत्रमा पाइने डेंगु ज्वरोको भाइरस फैलाउने लामखुट्टेहरू क्रमश उत्तरी गोलार्द्धतर्फ अनुकूल वातावरण प्राप्त हुने भएकोले सर्ने गरेको देखिन्छ । नेपालको तराई क्षेत्रमा देखिने लामखुट्टे दून उपत्यका, पहाडी तथा उच्च हिमाली क्षेत्रमा पनि देखिन थालेका छन् परिणामस्वरुप डेंगु ज्वरोको प्रकोप पनि विस्तार भइरहेको छ । यसको साथै तीव्र र अव्यवस्थित शहरीकरण, सरसफाइको कमी र ढल निकासको अभावमा लामखुट्टेको प्रकोप बढ्दो छ । फलस्वरुप बुटवल, भैरहवा, नेपालगञ्ज, कृष्णनगर, चन्द्रोटा, गोरुसिङ्गेलगायत प्रदेशको शहरी क्षेत्र र घोराही र तुल्सीपुरजस्ता दून उपत्यकाका शहरलगायत पहाडी भेगका शहरोन्मुख गाउँहरूमा डेंगुको प्रकोपमा बृद्धि भएको पाइन्छ । साथै शहरी तथा ग्रामीण बस्तीहरूमा झाडा पखाला, कालाजार, ठेउला, टाइफाइड, हैजा, क्षयरोग, इन्फलुएञ्जा आदी रोगहरूको प्रकोप पनि उल्लेख्य छ ।

यसको अलवा आगलागी, सडक दुर्घटना, चट्याङ, शीतलहर, लू, सर्पदंषजस्ता प्रकोप पनि उल्लेख्य छन् ।

## १.५. विपद्को अवस्था

हिमालय क्षेत्रमा रहेका दरारहरूमा हुने विस्थापन एवं हलचलले यहाँको भूखण्ड अग्लिने क्रम जारी छ। प्रतिवर्ष करिब चार मिलिमिटरका दरले हिमालय अग्लिने क्रम जारी रहेको तथ्याङ्क वैज्ञानिकहरूले प्रस्तुत गरेका छन् । यसरी अग्लिने क्रममा भिरालोपन बढ्ने, गल्छीहरूको गहिराइ बढ्ने, खोंचहरूको उत्पत्ति हुनेलगायत अन्य प्रक्रियाबाट भूआकृतिमा व्यापक परिवर्तन हुँदा त्यस्तो क्षेत्र प्रकोपका दृष्टिकोणले संवेदनशील हुन जान्छ। यसको साथै भौगर्भिक रूपमा गतिशील पर्वत श्रृङ्खला अस्थिर र अति भिरालो भूखण्ड तथा कमजोर भौगोलिक बनोटका परिणामस्वरुप मनसुनमा हुने उच्च वर्षाका कारण पहिरो तथा जलवायुजन्य विपद्हरूको सङ्ख्या बढ्दो छ । विश्वव्यापी रूपमा बढ्दो हरितगृह ग्यासको उत्सर्जनबाट तापक्रममा हुने वृद्धिले हिमाली क्षेत्रमा हिउँ पग्लिने दरमा उच्च वृद्धि भएकोले हिमतालहरूको तीव्र रूपमा विकास भएको पाइन्छ । बढ्दो तापक्रमसँगै हिउँ पग्लेर तालको क्षेत्रफल एवं पानीको मात्रामा पनि वृद्धि हुन गई करिब बीसवटा हिमतालहरू फुट्ने उच्च सम्भावना रहेको देखिन्छ । फलस्वरुप विगतमा जस्तै हिमताल विस्फोटबाट उत्पन्न बाढीको प्रकोपले विपद् निम्त्याउन सक्ने प्रबल सम्भावना देखिन्छ । साथै स्वच्छ खानेपानीको अभाव, ढल निकासको समस्या, सरसफाइसम्बन्धी जनचेतना एवं शिक्षाको कमीले गर्दा मुलुकमा विशेष गरी उत्तर पश्चिमका पहाडी भेगमा हैजा, झाडापखाला, हेपाटाइटिस, टाइफाइडजस्ता रोगहरूले महामारीको रूप लिने गर्दछन् ।

नेपालमा समग्रमा भूकम्प, पहिरो, बाढी, हिमपहिरो, डुबान, खडेरी, हिमपात, हुरीबतास, शीतलहर, तातो हावाको लहर (लू) चट्याङ, डढेलो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टिजस्ता प्राकृतिक विपद् र सडक, हवाइजहाज र औद्योगिक दुर्घटना, आगालागी, ग्यास विस्फोटन, विषाक्त खाद्य एवं मदिरा सेवन, वातावरणीय प्रदूषण, महामारी अनिकाल, जनावर आतङ्क संरचनाको क्षति तथा विपद् उद्धार कार्यमा हुने दुर्घटनाजस्ता गैरप्राकृतिक विपद्हरू हुने गर्दछन् । यस प्रदेशमा विपद्को समग्र अवस्था निम्नानुसार रहेको छ ।

### १.५.१ प्रदेशको विपद्को अवस्था

भौगोलिक अवस्था भौगर्भिक बनोट, भूकम्पीय दरारहरूको पुनः सक्रियता, मनसुनमा हुने वर्षाको मात्रा तथा ढाँचामा परिवर्तन, सरसफाइ एवं ढल निकासको कमी तथा जलवायु परिवर्तनजन्य कारणहरूबाट लुम्विनी प्रदेशमा भूकम्प, बाढी, पहिरो चट्याङ, असिना, हुरी, अतिवृष्टिजस्ता प्राकृतिक तथा महामारी, आगलागी, जल, सडक, हवाइ एवं औद्योगिक

दुर्घटनाजस्ता गैरप्राकृतिक विपद्हरू हुने गर्दछन् । सन् २०११ देखि सन् २०२२ सम्मको उपलब्ध तथ्याङ्कअनुसार औसतमा प्रतिवर्ष ४३६ विपद्का घटना हुने गर्दछन् । विभिन्न विपद्का घटनाको कारण वार्षिक करिब ३१ मानिसको मृत्यु हुने गर्दछ ।

### (१) भूकम्प

लुम्विनी प्रदेशमा हिमालय क्षेत्रमा रहेका सम्पूर्ण मुख्य दरारहरू रहेका छन् । यी दरारहरूमध्ये भूकम्पीय दृष्टिकोणले अति जोखिमयुक्त मेन फ्रन्टल थ्रस्ट प्रदेशको पूर्व भागमा त्रिवेणीदेखि पश्चिममा कर्णाली नदीसम्म फैलिएको पाइन्छ । यस दरारलाई आधार बनाएर सन् १२५५ मा महाभूकम्प गएको इतिहासमा उल्लेख छ । उक्त भूकम्पको दरारक्षेत्र प्रदेशको पश्चिम नवलपरासी जिल्लाको त्रिवेणीधामको दक्षिण भागमा फेला परेको छ । यस तथ्याङ्कबाट प्रदेशलाई विगतमा पनि महाभूकम्पहरूले असर गरेको तथ्य पुष्टि गरेको छ । साथै सन् १५०५ को भूकम्पले पनि ठूलो क्षति गरेको पाइन्छ । खानी तथा भूगर्भ विभागको तथ्याङ्क अनुसार यस प्रदेशलाई केन्द्रविन्दु बनाएर चार रेक्टर स्केल वा सोभन्दा ठूला करिब दशवटा भूकम्पहरू गएको पाइन्छ। वि सं. २०७२ वैशाख १२ गते गोरखाको बारपाक गाउँलाई केन्द्रविन्दु बनाएर गएको म्याग्नेच्यूट ७.८ को भूकम्पले पुरुष तीन र महिला तीन गरी छ जनाको मृत्यु भएको र निजी तथा सरकारी गरी करिब पन्ध्र हजार भवनहरूमा क्षति पुगेको थियो । भौगर्भिक बनोट, दरारहरूको अवस्था एवं विगतका भूकम्पहरूको अवस्थालाई विश्लेषण गर्दा यो प्रदेश भूकम्पीय विपद्को दृष्टिले उच्च जोखिममा रहेको देखिन्छ ।

### (२) बाढी

जलस्रोत लुम्विनी प्रदेशको मुख्य प्राकृतिक स्रोत हो । यस प्रदेशका मुख्य नदीहरू, कर्णाली, बबई, राप्ती, माडी, झिमरुक, तिनाउ एवं गण्डकी हुन् । यी नदीहरूले लुम्विनी प्रदेशलगायत छिमेकी प्रदेशमा सिँचाइको सुविधा एवं जीवन निर्वाहमा योगदान गर्दै आएका छन् । तर वर्षायाममा उपल्लो क्षेत्रलगायत जलाधार क्षेत्रमा हुने उच्च सघनतायुक्त वर्षा, धेरै दिनसम्म लगातार हुने वर्षा तथा हिमताल विष्फोट हुँदा तल्लो तटीय क्षेत्रलगायत जलाधार क्षेत्रमा बाढी आउने गर्दछ । हिमाली, पहाडी तथा चुरे क्षेत्रबाट नदीको उद्गम स्थल अनुसार ढुङ्गा, वालुवा, माटो बगाएर तराई तथा तटवर्ती क्षेत्रमा थुपार्ने हुनाले नदीको सतह बढ्न गई तटीय क्षेत्रमा नदी कटान एवं खेतीयोग्य जमीनमा वालुवालगायत गेग्रानले पटान भएर बगरमा परिणत भई माटोको उर्वराशक्तिमा ह्रास आई खाद्य सुरक्षामा नै प्रत्यक्ष असर गर्ने गर्दछ । यसैगरी दक्षिणतर्फ नेपाल भारत सीमा क्षेत्रमा भारत तर्फबाट बनाइएका तटबन्ध तथा अग्ला सडकहरूले नेपाली भूमिबाट बग्ने पानीको निकासलाई अवरोध पुर्याउँदा नेपाली भूमि डुबानमा परी वर्षेनी विपद्को अवस्था उत्पन्न हुने गर्दछ । सन् २०११ देखि २०२२ सम्मको तथ्याङ्क अनुसार प्रदेशमा तीन सय तेह्र बाढीका घटनामा परेर २११ जनाले ज्यान

गुमाएका छन् । यी घटनामध्ये सन् २०१३, २०१४ र २०१७ को बाढीको प्रभाव उल्लेख्य रहन पुग्यो । उक्त विपद्ले यस प्रदेशका बाँके, बर्दिया, दाङ र नवलपरासी जिल्ला नराम्ररी प्रभावित भए । यस विपदमा परी एक सय तीस जनाले ज्यान गुमाए भने करिब ३४ हजार परिवार प्रत्यक्ष रूपमा प्रभावित भए ।

## (३) पहिरो

लुम्विनी प्रदेशको भौगर्भिक एवं भौगोलिक विविधता र भौगर्भिक एवं इन्जिनियरिङ् अध्ययनविना सडक तथा अन्य भौतिक पूर्वाधारको निर्माणले पहिरोको जोखिम प्रत्येक वर्ष बढिरहेको छ । प्रदेशका पहाडी जिल्लाहरू पूर्वी रुकुम, रोल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान एवं पाल्पा बढी प्रभावित देखिन्छन् । यस क्षेत्रमा विशेषगरी राजमार्गका भिरालो खण्डहरू, उच्च भिरालोपन भएका पहाडी भू-भाग र भिराला नदीकिनारहरू बढी जोखिमपूर्ण देखिएका छन् । यस प्रदेशको चुरे क्षेत्रमा अवस्थित बुटवल-पाल्पा सडक खण्ड वर्षायाममा वर्षेनी पहिरो तथा ढुङ्गा खस्ने प्रकोपबाट प्रभावित भइरहन्छ । यसको अलवा पुराना निस्क्रिय पहिरोहरू अव्यवस्थित भौतिक पूर्वाधार निर्माण प्रकृयाले पुनः सक्रिय भई वासस्थानलगायत जीविकोपार्जनमा समेत असर पर्न गएको छ । सन् २०१७ को मुसलधारे वर्षाको कारण पहाडी जिल्लाहरूमा सयौं पहिरो गएर जनधनको ठूलो क्षति भएको थियो। वि. सं २०७६ सालको मनसुनी वर्षाको समयमा रोल्पाको सुनछहरी तथा गुल्मी को सत्यवतिको पहिरोले ठूलो विनाश गरेको थियो । वर्षाको पानीबाट उत्पन्न पहिरोबाहेक नेपालमा भूकम्पबाट सिर्जित पहिरोहरू पनि उल्लेख्य मात्रामा जाने गरेका छन् । वि. सं. २०७२ को गोरखा भूकम्पले साना ठूला गरी करिब २४ हजार पहिरोहरू उत्पन्न गरेको थियो। पहिरो तथा चट्टान खस्ने कारणले मृत्यु हुनेको सङ्ख्या कूल मृत्यक सङ्ख्याको करिब एक तिहाई रहेको अनुमान छ । यसको अलवा ठूला चट्टानहरू खस्नाले निजी तथा सरकारी भवनहरूमा व्यापक क्षति पुर्याएको थियो । अतः भूकम्प सिर्जित पहिरो विपद् जोखिम भविष्यमा अरु भूभागमा जस्तै यस प्रदेशको पहाडी क्षेत्रमा पनि हुने सम्भावना देखिन्छ । सन् २०११ देखि २०२२ सम्ममा प्रदेशमा करिब ३६६ वटा पहिरोका घटनाहरू परी २१४ जनाको मृत्यु भएको छ । प्यूठान, गुल्मी, पाल्पा पहिरोबाट अति प्रभावित जिल्लाहरुमा पर्दछन् ।

## (४) आगलागी

लुम्विनी प्रदेशमा गएको केही वर्षदेखि आगलागी एउटा प्रमूख विपद्को रूपमा देखा परेको छ । विशेषगरी फागुनदेखि वैशाखसम्मको सुख्खायाममा लामो समयसम्म पानी नपरी खडेरीको अवस्था सिर्जना हुँदा आगलागीको प्रकोप बढेको देखिन्छ । विशेषगरी तराईमा घरायसी प्रयोगका रूपमा खाना पकाउन दाउरा बालेर प्रयोग हुने आगो सुख्खायामको हावाले झिँगटी वा खर तथा परालले छाएका घरहरूमा सल्किँदा बाक्ला बस्तीहरूमा फैलिँदै

विपद्को अवस्था सिर्जना हुने गर्दछ । यस प्रकारको अवस्था ग्रामीण क्षेत्रका गरीब तथा सुकुम्बासीहरूले वर्षेनी भोग्नु पर्ने अवस्था छ । तर शहरी क्षेत्रमा घर तथा कलकारखानामा विद्युत् सटसर्किट हुनजाँदा आगलागीका ठूला घटनाहरू हुने गर्दछन् । यसको अलवा जङ्गल क्षेत्रमा चेतनाको कमीका कारण मानिसहरूले डढेलो लगाउँदा पनि नजिकका वस्तीमा आगलागी हुने तथा जङ्गलको विनाश भई समस्त वातावरणमा नै नकरात्मक प्रभाव पार्ने गर्दछ । सन् २०११ देखि २०२२ सम्म यस प्रदेशमा ३,२५१ आगलागीका घटना भएको पाइन्छ । यी घटनामा परी १५६ जनाले ज्यान गुमाएका छन् । यस अवधिमा करिब तीन अर्ब पैचालिस करोड बराबरको आर्थिक क्षति भएको देखिन्छ ।

## (५) चटयाङ

नेपालमा गएको केही दशकदेखि चटयाङ् पर्ने घटनाहरू अत्यधिक रूपमा बढ्न थालेका छन् । समान्यतया वायुमण्डलमा रहेको बादलको तल्लो तहमा रहेका ऋणात्मक चार्ज वा इलेकेट्रोनहरूको आकर्षण जमीनमा रहेका धनात्मक चार्ज वा प्रोटोनतर्फ हुँदा चटयाङ्ग पर्ने गर्दछ । नेपालमा विशेषगरी चुरे तथा महाभारत क्षेत्रमा चटयाङ् पर्ने घटनाहरू बढी हुने गरेको देखिन्छ । यस प्रदेशमा विशेषगरी चुरे, महाभारत क्षेत्र र तराईमा पनि चटयाङ पर्ने गर्दछ । सन् २०११ देखि २०२२ सम्मको तथ्याङ्कले ३७३ वटा चटयाङ्गा घटना भएका र त्यमा परी १५६ जनाको मृत्यु भएको देखिन्छ । चटयाङ्गो प्रकोप नक्शाङ्कन एवं पूर्वचेतावनी प्रणाली नहुँदा जोखिम वर्षेनी बढ्दो छ ।

## (६) सडक दुर्घटना

नेपालमा बढ्दो विकास प्रक्रियासँगै ग्रामीण तथा शहरी क्षेत्रमा सडक सञ्जालको विस्तार कार्य द्रूत गतिमा भइरहेको छ । जटील भौगोलिक अवस्था तथा पर्याप्त आर्थिक स्रोतको अभावका कारण सडकहरू साँघुरा, घुमाउरा एवं पहाडी क्षेत्रमा भिरालो जमिनबाट बनाइएका हुन्छन् । कतिपय अवस्थामा पर्याप्त भौगर्भिक एवं इन्जिनियरिङ अध्ययन नगरिकन नै सडकका ट्र्याक खोल्ने कार्य भइरहेको छ । अतः न्यून गुणस्तरीय सडकहरूमा सवारी चालकको लापरवाही, मदिरा सेवन गरी सवारी चलाउनु, तीव्र गतीमा सवारी साधन चलाउनु, पैदल यात्रुहरूको लापरवाही, अव्यवस्थित पार्किङ्ग, जथाभावी सडक पार गर्ने व्यवहार, मोडहरूमा कमजोर दृश्यता तथा सवारी साधनमा आउने प्राविधिक त्रुटिजस्ता कारणले नेपालमा सडक दुर्घटना हुने गर्दछन्। केही वर्षयता धेरै मानिसको मृत्यु हुने विपद्को रूपमा सडक दुर्घटना प्रमुख बन्दै गएको छ । विश्व स्वास्थ्य संगठनको सन् २०१८ को प्रतिवेदनअनुसार सन् २०१५ मा २००६ जनाको सडक दुर्घटनामा परी मृत्यु भएको थियो । संगठनले प्रति एक लाख जनसङ्ख्यामा करिब १६ जना सडक दुर्घटनामा परी ज्यान गुम्ने गरेको तथ्य प्रस्तुत गरेको छ । नेपालमा वर्षेनी करिव १०,००० सडक दुर्घटना हुने गरेको तथ्याङ्क छ

र औसतमा वर्षेनी करिब २००० जनाले ज्यान गुमाउने गरेका छन् । लुम्विनी प्रदेशमा वार्षिक १०२९ सडक दुर्घटना हुने गरेको छ । यी दुर्घटना परी वार्षिक ६१७ जनाको मृत्यु तथा १६०८ जना घाइते हुने गरेका छन् ।

### (७) महामारी

नेपालमा विशेषगरी दुर्गम क्षेत्रका ग्रामीण समुदायहरू महामारीको प्रकोपबाट वर्षेनी प्रभावित हुने गर्दछन् । ग्रामीण क्षेत्रमा स्वस्थ खानेपानीको अभाव, शौचालयको राम्रो व्यवस्था नहुने एवं जीवाणु तथा कीराको सङ्क्रमणबाट महामारीको अवस्था सिर्जना हुने गर्दछ । समग्र मुलुकमा जस्तै यस प्रदेशको पनि मुख्यतया झाडा पखाला, कालाजार, ठेउला, हेपाटाइटिस इन्फ्लुएन्जा, टाइफाइड, दम, हैजा, यौनरोग, क्षयरोग, कुष्ठ रोग आदि सङ्क्रमण हुने रोग हुन् । यसको अलवा जालवायु परिवर्तनको कारण बढ्दो तापक्रमसँगै डेङ्गु ज्वरोको प्रकोप पनि वर्षेनी बढिरहेको छ । सन् २०११ देखि सन् २०२२ को तथ्याङ्क अनुसार १७ विभिन्न प्रकोपको महामारीको चपेटामा परी १५ जनाको ज्यान गएको र करिब १८०० प्रत्यक्ष रूपमा प्रभावित भएको पाइन्छ।

### कोभिड-१९

यसका साथै सन २०१९ को नोभेम्वर/डिसेम्बर महिनामा चीनको वुहान शहरमा पहिलो पटक देखिएको कोभिड-१९ नेपालको दक्षिण छिमेकी देश भारत हुँदै नेपालमा प्रवेश गरेको थियो । कोभिड-१९को संक्रमणलाई विश्व स्वास्थ्य संगठन(WHO)ले ३० जनवरी २०२० मा जनस्वास्थ्यको लागि आपत्कालिन (Public Health Emergency) अवस्थाको घोषणा गर्यो । हाल विश्वमा यो भाइरसको संकमण सवै जसो देशमा पुगेको र लाखौं मानिस यसबाट संक्रमित भैसकेका छन् भने लाखौंले ज्यान समेत गुमाईसकेका पनि छन्। सन २०२२ को अन्त्यसम्म नेपालमा यसबाट प्रभावितको संख्या १०,०१,०६८ रहेको छ। सन् २०२० देखि सन् २०२२ को तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा कोभिड-१९ महामारीबाट १४४,७९३ जना संक्रमण हुँदा ३,४०७ जनाको मृत्यू र १४१०४५ जना निको भएका छन् । कोभिड-१९ को जोखिम न्यूनिकरण गर्न सरकारले सञ्चालन गरेको भ्याक्सिनबाट यस लुम्बिनी प्रदेशमा ४१,९४,२३० जनाले (९० प्रतिशत) पूर्ण खोप पाएका छन् । कोभिड-१९ को थप संक्रमण हुन सक्ने सम्भावनालाई मध्यनजर राखि आवश्यक रणनीतिक तयारी गरि राख्नु पर्ने र यस्तै प्रकारका सम्भावित महामारी सामना गर्न स्वास्थ्य प्रणालि सवलिकरण लगायत क्षमता वृद्धिका नीति तथा कार्यक्रम आवश्यक देखिन्छ ।

# अध्याय २ मौजुदा नीतिगत व्यवस्था र सिकाइ

## २.१. संवैधानिक व्यवस्था

नेपालको संविधानले विभिन्न धारा उपधार र अनसूचीहरूमा विपद् व्यवस्थापनका विषयमा तहगत कार्यजिम्मेवारी दिएको छ ।संविधानको भाग २८ धारा २६७(४) मा नेपाल सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका कार्यमा समेत परिचालन गर्न सक्ने व्यवस्था गरेको छ। त्यसैगरी, भाग ३०, धारा २७३ (१) र (२) मा देशको कुनै भागमा प्राकृतिक विपद् वा महामारीको सङ्क्रमण भएमा आपत्कालीन अवस्था घोषणाको व्यवस्था गरेको छ। संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची नं. ७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी कार्य गर्ने उल्लेख भएको छ भने अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकारअन्तर्गतको सूची २० मा विपद् व्यवस्थापन गर्ने भनेर वृहत्तर अधिकार प्रदान गरेको छ। अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची ९ मा विपद् व्यवस्थापनलाई सबै तहको साझा अधिकारको रूपमा उल्लेख छ । यसबाट स्पष्ट हुन्छ, विपद् जोखिम न्यूनीकरणमा तहगत रूपमा एकल अधिकारको व्यवस्थाअन्तर्गत स्थानीय तहलाई प्रदेश र संघको आवश्यकता परेमा साझा अधिकारअन्तर्गत कार्य हुनेछ भने नेपाल सरकारले कुनै पनि समयमा आफ्नो अवशिष्ट अधिकार प्रयोग गरी कार्य गर्न सक्नेछ ।

## २.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन २०७४:

विपद् व्यवस्थापनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७४ मार्फत् संस्थागत र समितिगत आधार, तीन तहमा विपद् व्यवस्थापन कोषको व्यवस्था, आधुनिक र समयसापेक्ष, संस्थागत र व्यक्तिगत कार्यजिम्मेवारी निर्धारण गरिएको छ । ऐनले प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को गठनको व्यवस्था गरेको छ। यस ऐनले परिषदलाई राष्ट्रिय तहका नीति, योजना र कार्यक्रमहरू स्वीकृत गर्ने, कार्यकारी समिति र प्राधिकरणलाई आवश्यक निर्देशन दिने, विपद् जोखिम न्यूनीकरण, खोज, उद्धार र राहत व्यवस्थापनमा परिस्थितिअनुसार सबै तहमा नियन्त्रण र निर्देशन गर्ने, प्रदेश र पालिकालाई आवश्यक मार्गदर्शन गर्ने र समन्वय तथा सहजीकरण गर्नेलगायतका अधिकार दिएको छ। त्यसैले यस ऐनलाई गतिशील कानूनको रूपमा लिइएको छ ।

ऐनले गृह मन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको व्यवस्था गरेको छ । कार्यकारी समितिले राष्ट्रिय तहका नीति र कानून, योजना र कार्यक्रम तयार गरी परिषदमा पेश गर्ने, परिषदका निर्णय र कानूनको कार्यान्वयन

गर्ने, प्रधिकरणको सञ्चालन तथा परिचालन गर्ने, प्राधिकरणको सञ्चालन र समग्र विपद् व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक स्रोतको व्यवस्थापन गर्ने, तहगत समन्वय गरी विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउने, जोखिम नक्शाङ्कन र जोखिमयुक्त बस्ती स्थानान्तरणमा प्रदेश र स्थानीय तहलाई सहयोग गर्नेलगायतका कार्य गर्ने जिम्मेवारी दिएको छ । ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठनको व्यवस्था गरेको छ र यसले परिषद र कार्यकारी समितिको सदस्य सचिवको रूपमा कार्य गर्नेछ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सबै जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति रहने व्यवस्था रहेको छ ।

त्यसैगरी प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद र आन्तरिक मामिला ताथ कानून मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठनको व्यवस्था छ । स्थानीय तहमा नगरपालिकामा नगरपालिकाका प्रमुख र गाउँ पालिकामा गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिका साथै वडा तहमा समेत समिति गठन गर्ने प्रावधान राखेको छ ।

संघीय कानूनसँग नबाझिनेगरी प्रदेश र स्थानीय तहले आफ्ना ऐन, नीति, रणनीति, कार्यढाँचालगायतका आवश्यक नीतिगत र कार्यगत दस्तावेज तयार गरी कार्य गर्ने अधिकार प्रदान गरेको छ ।

## २.३ राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५)

मुलुकको संवैधानिक प्रावधान, संघीय संरचना तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७४ अनुसार राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० को प्रथम संशोधन २०७५ लागू गरेको छ । यस कार्यढाँचाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई मुख्य समन्वयकर्ता संस्थाको रूपमा जिम्मेवारी प्रदान गरेको छ । प्रतिकार्य कार्यढाँचाले विपद् पूर्वतयारी, विपद् पश्चातको प्रभावकारी प्रतिकार्य एवं शीघ्र पुनर्लाभको लागि राष्ट्रिय, प्रादेशिक एवं स्थानीय संयन्त्रहरूबीच जिम्मेवारी बाँडफाँड तथा समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । कार्यढाँचाले प्रतिकार्यका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय समन्वय, अन्तर्राष्ट्रिय मानवीय सहयोग अपील तथा सहयोग समन्वय, विषयगत क्षेत्रको परिचालन एवं सरकारी तथा सहयोगी विकास साझेदारबीच गर्ने समन्वयको पनि स्पष्ट व्यवस्था गरेको छ । विपद्को अवस्थामा विपद् सूचना सङ्कलन, प्रतिकार्य संयन्त्र र त्यसको परिचालन समन्वय, अनुगमन तथा मुल्याङ्कनका कार्यहरू समयसीमा तोकी स्पष्ट व्यवस्था गरेको छ । विपद् पश्चात विभिन्न अवधिमा गर्नुपर्ने कार्यहरूको प्राथमिकतायुक्त कामको पहिचान र जिम्मेवारी स्पष्ट रूपमा तोकेको छ । साथै प्रदेश तथा स्थानीय तहले पनि यस कार्यढाँचालाई आधार मानी आ-आफ्नो विपद् प्रतिकार्य कार्यढाँचा बनाउन सक्ने व्यवस्था गरेको छ ।

## २.४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले विपद् व्यवस्थापनका विषयमा शसक्त रूपमा कार्य गर्ने अधिकार र जिम्मेवारी प्राप्त गरेका छन्। ऐनको परिच्छेद ३ को दफा ११ (६)(छ) ले स्थानीय तहलाइ राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण र सञ्चालन अनुमति प्रदान गर्ने, (झ) मा आधारभूत स्वास्थ्य र सरसफाइका कार्य गर्ने र दफा ११ (न) अन्तर्गत् १२ ओटा बुँदामा विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण र कार्यान्वयन, अनुगमन र नियमन, पूर्वतयारी, राहत व्यवस्थापन, नदी व्यवस्थापन, जोखिममा रहेका बस्ती स्थानान्तरण लगायत बृहत्तर भूमिका र जिम्मेवारी प्रदान गरेको छ ।

## २.५. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, दिगो विकास लक्ष्य, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता अनुरुप नेपाल सरकारले विपद् जोखिम न्यूनीकरणका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, जारी गरेको छ । विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकूलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने सोच, सहित ५९ नीति, ७ नीति कार्यान्वयन कार्यनीति र ४ बुँदामा समन्वय, अनुगमन तथा मूल्याङ्कनको विषय उल्लेख गरेको छ।

यस नीतिले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रूपमा घटाउने, जीविकोपार्जनका साधन, कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफइका संरचना, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सेवा प्रवाह गर्ने निकायका भौतिक पूर्वाधारमा रहेको जोखिम न्यूनीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्नु र विपदबाट हुने आर्थिक क्षति कम गर्ने लक्ष्य राखेको छ ।

सबै तह र वर्ग तथा विकासका विषयगत क्षेत्रमा हुने विपद् जोखिम तथा जोखिम न्यूनीकरणसम्बन्धी कार्यबारे बुझाइको विकास, जोखिममा आधारित शासनपद्धतिको सुदृढीकरण गर्ने, विपद् जोखिम न्यूनीकरणलाइ जलवायु परिवर्तन अनुकूलनसँग एकीकृत गरी विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने, लगानी प्रबर्द्धन गरी उत्थानशीलता बढाउने, विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण र पूर्वसूचना प्रणालीको विस्तार गर्ने, विपद् पश्चातको पुनर्निर्माण र पुनःस्थापनामा "अझ राम्रो अझ बलियो निर्माण" को अवधारणा अवलम्बन गर्ने कुरा सुनिश्चत गरेको छ ।

## २.६. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचामा आधारित मुलुकको

वस्तुस्थिति अनुरुप ४ वटा प्राथमिकता प्राप्त क्षेत्र, १८ वटा प्राथमिकता प्राप्त कार्य र २७२ रणनीतिक क्रियाकलाप पहिचान गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८ -२०३० तर्जुमा गरेको छ ।

विपद् जोखिम न्यूनीकरण नीतिअनुरुप उद्देश्य प्राप्ति र सरकारले विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, एशियाली मन्त्री स्तरीय सम्मेलन २०१६ बाट पारित क्षेत्रीय योजना, विपद् जोखिम न्यूनीकरण विश्वव्यापी कार्यमञ्चको पाचौं बैठकले पारित गरेको कानून घोषणालगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरुप यो रणनीतिक कार्ययोजना तर्जुमा भएको छ । नौवटा अध्यायमा तयार रणनीतिक कार्ययोजनाको पहिलो अध्यायमा विपद् जोखिमको अवस्थाको विश्लेषण गरिएको छ । यसमा सडक दुर्घटना, महामारी, भूकम्प, पहिरो, बाढी, हिमपात तथा हिमपहिरो र खडेरी गरी नेपालका ९ वटा प्रमुख विपदबारे उल्लख गरी जोखिमको अवस्था प्रस्तुत गरिएको छ । त्यसैगरी दोस्रो अध्यायमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनको समीक्षा र विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाको समीक्षा गरिएको छ । अध्याय तीनले विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाबारे उल्लेख गर्दै विपद् उत्थानशील समुदाय निर्माण गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुर्याउने र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल सरकारको प्रतिवद्धता रहेको राष्ट्रिय दस्तावेजका रूपमा परिभाषित गरिएको छ । विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रअनुरुप हरेक प्राथिमकता प्राप्त क्षेत्रलाई एउटा अध्यायमा समावेश गरी अध्याय चार देखि सातसम्म रणनीतिक कार्य र क्रियाकलाप राखिएको छ । अध्याय आठमा रणनीतिक कार्ययोजनाको कार्यान्वयनका आर्थिक स्रोत र अन्तिम तथा नवौं अध्यायमा अनुगमन, मूल्याङ्कन र पुनरावलोकनको विषय उल्लेख छ । यस रणनीतिक कार्ययोजनाले सन् २०२५ सम्ममा सबै प्रदेश र स्थानीय तहमा नीति र रणनीतिक कार्ययोजना बनाइसक्ने महत्वपूर्ण लक्ष्य लिएको छ ।

## २.७. विपद् जोखिम व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्ने लक्ष्यका साथ विषयगत क्षेत्रका नीति तथा कार्यक्रममा विपद् र जलवायु परिवर्तन अनुकूलनका विषय समेट्ने काम नेपाल सरकारले गर्दै आएको छ । जलवायु परिवर्तन नीति, २०७६ ले विपद् जोखिम न्यूनीकरणका विषयलाई धेरै हदसम्म समेटेको छ । त्यसैगरी कृषि नीति, २०७१; राष्ट्रिय औद्योगिक नीति, २०६७ र भू तथा जलाधार संरक्षण ऐन, २०३९ ले सम्बन्धित क्षेत्रमा विपद्को सामना गर्न काम गर्ने विषय उल्लेख गरेका छन् । त्यसैगरी, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२; राष्ट्रिय शहरी विकास रणनीति, २०७३; राष्ट्रिय स्वास्थ्य नीति, २०७१; राष्ट्रिय पुनर्निर्माण तथा पुन:स्थापन नीति, २०७२; विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६; राष्ट्रिय

विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (पहिलो संशोधन २०७६); प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७६; विपद् पीडित पूनर्वास सञ्चालन कार्यविधि, २०७१; विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ र बारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७ आदि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित नीतिगत तथा कार्यगत दस्तावेज रहेका छन् । नेपाल सरकारबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि निर्माण भएका यी कानुनी दस्तावेजले प्रदेश र स्थानीय तहबाट निर्माण हुने विपद् जोखिम न्यूनीकरण नीति, रणानीति र अन्य कानुनी दस्तावेज निर्माणमा योगदान गरेका छन् ।

प्रदेशमा मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद्को स्थापना भएको छ । जसले प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने, आवश्यकता अनुसार प्रदेश  विपद् व्यवस्थापन कार्यकारी समितिलाइ मार्ग निर्देशन गर्ने तथा निर्देशन दिने, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा स्थानीय तहलाइ आवश्यक कानूनी तथा नितिगत मार्गनिर्देशन गर्ने, विपद् व्यवस्थापन सम्बन्धी कार्यको मूल्यांकन गर्ने कार्य गर्दछ । यसैगरि आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन भएको छ । जस्ले विपद् पूर्व तयारी खोज, उद्धार तथा राहत वितरण कार्यमा सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारीता ल्याउन आवश्यक सहजिकरण गर्दछ । राहत सामाग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाइ लागू गर्ने, आपतकालिन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, विपद् प्रभावित क्षेत्रमा खानेपानी खाद्यान्न लत्ता कपडा तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रवन्ध गर्ने, विपद् प्रभावित क्षेत्रमा स्वयं सेवक परिचालन गर्ने, असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाइ सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्यांकको संकलन विश्लेषण, भण्डारण तथा संप्रेषण गर्ने, विपद् प्रतिकार्य पुनः लाभ, पुनस्थापना तथा पूनर्निमार्ण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, कोष सञ्चालन समितिको कामकार्बाहीको अनुगमन गर्ने, विपद् व्यवस्थापन सम्बन्धमा प्रदेश सरकार वा प्रदेश विपद् व्यवस्थापन परिषद्ले तोकेका अन्य कार्य गर्ने । यसै गरि प्रदेशमा आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ । उक्त कोषले कोषको बार्षिक कार्ययोजना बनाइ कार्यकारीणी समितिमा पेश गर्दछ, स्वीकृत कार्ययोजनालाइ प्रभावकारी ढंगले कार्यान्वयन गर्ने, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त सिफारिसको आधारमा राहत रकमको एकिन गरि उपलब्ध गराउँदछ ।

लुम्बिनी प्रदेशले विपद् व्यवस्थापनका लागी देश विपद् व्यवस्थापन कार्य सञ्चालन (तेस्रो

संसोधन) निर्देशिका, २०७९, मनसुन विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधी -२०७७, प्रदेश विपद् ब्यवस्थापन कोष सञ्चालन निर्देशिका २०७५, हवाई उद्यार सम्बन्धी कार्यविधि २०७९, विपद् कोष संचालन निर्देशिका, विपद् उद्दार खर्च सञ्चालन कार्यविधी, २०७७, मनसुनजन्य विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## २.८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएको प्रादेशिक व्यवस्था

### २.८.१ आवधिक योजना :

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) ले विपद् एवं जलवायु परिवर्तनका मुद्दाहरूले कम महत्व पाउनु मुख्य समस्या रहेको स्वीकार गरी प्रमुख चुनौती र अवसरको रूपमा लिएको छ । यस योजनाले विपद्का घटना तथा त्यसबाट सिर्जित असर एवं प्रभावलाई न्यूनीकरण गर्दै जाने दीर्घकालीन सोच लिएको छ । योजनाको प्रमुख लक्ष्य जलवायु परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद् सिर्जित क्षति तथा नकारात्मक प्रभाव न्यून गर्नु रहेको छ । प्रकोप तथा विपद् जोखिम मुल्याङ्कन एवं न्यूनीकरण, विपद् पश्चातका खोज, उद्धार एवं राहत, शीघ्र पुनर्लाभ एवं जलवायु परिवर्तन अनुकूलन हुनेगरी आर्थिक गतिविधि सञ्चालन गरी गरिबी र विपद् जोखिम न्यून गर्नु प्रमुख उद्देश्य रहेको छ ।

आवधिक योजनाका उद्देश्य प्राप्तिका लागि उत्थानशील वस्ती व्यवस्थापन, विपद् सिर्जित गरिवी न्यूनीकरण, विपद् जोखिम आँकलन, प्रभावकारी पूर्वतयारी, भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयन एवं अनुगमन खोज, उद्धार तथा राहत एवं जलवायु परिवर्तन अनुकूलन योजनाहरूलाई रणनीतिक कार्यहरूमा प्राथमिकता साथ अगाडि बढाएको छ ।

### २.८.२ आर्थिक वर्ष २०७९/२०८० को बजेटमा भएका व्यवस्था :

प्रदेश सरकार, लुम्विनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७९/८० को बजेटमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा प्राथमिकतासहित निम्नानुसारको व्यवस्था गरेको छ ।

१. प्राकृतिक विपद्, महामारी तथा जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असरबाट जोगिन जलवायु उत्थानशील, राहत र बीमा कार्यक्रम सञ्चालन गरिनेछ । पशुपन्छीमा लाग्ने संक्रामक रोगहरुबाट बचावट तथा नियन्त्रणका लागि खोप सेवाको सुनिश्चितता गरिनेछ ।

२. जोखिमयुक्त बस्तीहरुको स्थानान्तरण र विपद् प्रभावित क्षेत्रको पुनर्निमाण लगायतका कार्यलाई बस्ती विकास कार्यक्रममा समाहित गरिनेछ । संघीय सरकार तथा स्थानीय तहसँगको समन्वयमा बाढी, पहिरो, आगजनी जस्ता प्राकृतिक विपदबाट विस्थापितहरुको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

३. जल उत्पन्न प्रकोपको न्यूनीकरण र व्यवस्थापनलाई उच्च प्रथमिकता दिइनेछ । बाढी तथा पहिरोजन्य प्रकोपको न्यूनीकरणका लागि प्रादेशिक कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ । स्थानीय प्रविधिको प्रयोग हुने किसिमले तटबन्ध निर्माण गरिनेछ ।

४. जलाधार व्यवस्थापन गरी नदी कटान, बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको न्यूनीकरण र नियन्त्रण गरिनेछ । वन क्षेत्र भित्रका खोला खहरेको व्यवस्थापन गरिनेछ ।

५. चितुवा, बाँदर, निलगाई, बदेल र दुम्सी जस्ता वन्यजन्तुहरुको मानवसँगको द्वन्द्व कम गर्न उनिहरुको बासस्थान व्यवस्थापन र बहन क्षमताका आधारमा नियमन गर्ने उपायहरु अवलम्बन गरिनेछ ।

६. जलवायु परिवर्तन सम्बन्धी प्रादेशिक कार्ययोजना तयार गरि कार्यान्वयन गरिनेछ । वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।

७. लैङ्गिक तथा घरेलु हिंसा, मानव बेचविखन पीडित एंव विपद् लगायत अन्य जोखिममा परेका महिलाहरुको तत्काल संरक्षण र सुरक्षाका लागि स्थानीय तहमा सुरक्षित आवास गृह निर्माण एंव सञ्चालन गर्न सहयोग र समन्वय गरिनेछ ।

८. प्रदेशको विशिष्ट प्राकृतिक स्वरुप र भू-संरचनाको कारणले हुन सक्ने विपद् जोखिमको पहिचान र पूर्वानुमान गरी विपदको रोकथाम र व्यवस्थापनलाई प्रभावकारी बनाइ नागरिकको जीवनरक्षा गरिनेछ । संघ तथा स्थानीय तहको समन्वयमा बाढी, पहिरो, डुवान तथा आगजनीबाट विस्थापितहरुको पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

९. स्थानीय तहसँगको समन्वयमा विपद् जोखिम न्यूनीकरण तथा विपद् प्रतिकार्य तालिमलाई निरन्तरता दिइनेछ । विपदको समयमा खोज, उद्धार तथा राहतका लागि विपद् व्यवस्थापन सामाग्रीको सुनिश्चितता गरिनेछ । आकस्मिक उद्धारका लागि हेलिप्याड निर्माण कार्यलाई निरन्तरता दिइनेछ । मौसम तथा बाढी पूर्वानुमानको गुणस्तरीय र विश्वसनीय सूचना प्रदान गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

१०. प्रदेश सरकारको आधिकारिक पोर्टल सञ्चालनमा ल्याइनेछ । प्रदेशको आफ्नै भौगोलिक सूचना प्रणालीको विकास गरी एकिकृत भौगोलिक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

# अध्याय ३ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

## ३.१. परिचय

प्राकृतिक र मानवीय कारणले उत्पन्न हुने विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशीलता अभिवृद्धि गर्दै दिगो विकासको राष्ट्रिय लक्ष्य हासिल गर्नु वर्तमान आवश्यकता हो । प्रदेश सरकारबाट तयार गरिएको आवधिक योजनाअनुसार आगामी पाँच वर्षभित्र विकास निर्माणका लागि गरिने लगानीको सुरक्षा र अपेक्षित प्रतिफल प्राप्त गर्न विकासनिर्माणमा विपद् जोखिम न्यूनीकरण गर्नु जरुरी छ । यही अपेक्षासाथ २०७९ (सन् २०२३) देखि २०८७ (सन् २०३०) सम्मको लक्ष्य निर्धारण गरेर तर्जुमा भएको दस्तावेज नै विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना हो ।

विपद् जोखिम न्यूनीकरणका लागि विश्वव्यापी रूपमा स्वीकार गरिएका विधि अपनाएर र नेपालमा भइरहेका अभ्यासको प्रवर्द्धन गर्दै प्रदेश सुहाउँदो अवशिष्ट जोखिम न्यून गरी विपद् उत्थानशीलता बढाउन यस कार्ययोजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

प्रदेश विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माणका क्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-३० लाई मार्गदर्शनका रूपमा लिइएको छ । त्यसैगरी, मुलुक सङ्घीय संरचनामा जानुपहिले कार्यान्वयनमा रहेका विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ को कार्यान्वयनबाट प्राप्त अनुभव, २०७२ सालमा गएको गोरखा भूकम्प, २०७१ साल आश्विनमा आएको हुदहुद आँधी, २०६९ वैशाखमा आएको सेतीको बाढी, २०७६ सालमा रोल्पा र गुल्मी जिल्लामा गएका पहिरो, आगलागी, चट्याङ्लगायतका घटना, २०७७ र २०७८ सालमा गएका बाढी, पहिरो, आगलागी, चट्याङ्लगायतका घटना एवं ती घटनाबाट परेका प्रभावको समेत सिकाइका आधारमा प्रदेशले विपद् जोखिम न्यूनीकरणका लागि गर्ने कार्यको पहिचान गरिएको छ ।

## ३.२. कार्ययोजना तर्जुमा प्रक्रिया

प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा गर्न निम्नअनुसारका विधि अवलम्बन गरेको छः

(१) व्यवस्थापन समितिको गठनः

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका लागि एक रणनीतिक कार्ययोजना तर्जुमा समिति गठन गरेको थियो । आन्तरिक मामिला, कानून तथा सहकारी  मन्त्रालयका सचिवको नेतृत्वमा गठन भएको समितिमा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद सचिवालयसहित सबै मन्त्रालयका प्रतिनिधि, प्रदेश नीति आयोगका प्रतिनिधि, प्रदेश तहमा कार्यरत विकास साझेदारका प्रतिनिध, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका प्रतिनिधि, नेपाल रेडक्रस, सञ्चारमाध्यम र निजी क्षेत्रका प्रतिनिधिहरू रहेका थिए ।

### (२) प्रदेशस्तरीय कार्यशालाः

**प्रथम कार्यशालाः** प्रदेश विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तयारीका लागि २०७६ साल  असोज ७-८  गते आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रमुख आतिथ्यमा प्रारम्भिक कार्यशालाको आयोजना भयो । उक्त कार्यशालामा लुम्विनी प्रदेशका जिल्ला विपद् व्यवस्थापन समितिका प्रतिनिधि, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रतिनिधि तथा प्रदेश सरकारका मन्त्रालयका प्रतिनिधिहरू सम्मिलत भई सुझाव सङ्कलन गर्ने कार्य भएको थियो

**दोस्रो कार्यशाला**ः विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तर्जुमाका लागि २०७६ साल असोज १६  गते आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रमुख आतिथ्यमा दोस्रो प्रदेशस्तरीय कार्यशाला आयोजना गरियो । प्रदेश सरकारका उच्च पदस्थ अधिकारीको उपस्थितिमा सम्पन्न कार्यशालाबाट रणनीतिक कार्ययोजनाको प्रारुप सम्बन्धमा छलफल गरी पृष्ठपोषण लिने कार्य गरियो ।साथै प्रदेशमा कार्यरत संयुक्त राष्ट्र संघीय निकाय, गैरसरकारी संस्था र अन्य सरोकारवालाको उपस्थिति रहेको थियो ।

**तेस्रो कार्यशालाः** विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको मस्यौदा मा छलफलका लागि मिति २०७६ साल फागुन ३० र चैत्र १  गते आन्तरिक मामिला, कानून तथा सहकारी  मन्त्रालयका सचिवको अध्यक्ष्यतामा प्रदेशस्तरीय छलफल कार्यशाला आयोजना गरियो । व्यवस्थापान समितिका सदस्यलगायत प्रदेश सरकारका उच्चपदस्थ अधिकारी, संयुक्त राष्ट्र संघीय निकाय, गैरसरकारी संस्था र अन्य सरोकारवालाको उपस्थितिमा सम्पन्न कार्यशालाबाट नीति तथा रणनीतिक कार्ययोजनाको मस्यौदामा छलफल गरी पृष्ठपोषण लिने कार्य गरियो । प्राप्त पृष्ठपोषणको आधारमा नीति तथा रणनीतिक कार्ययोजना लाई अन्तिम रूप दिइएको थियो ।

**अन्तिम कार्यशालाः** विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजनाको अन्तिम मस्यौदा मा छलफलका लागि मिति २०७९ साल पुष १९ गते आन्तरिक मामिला कानून तथा सञ्चार मन्त्रालयका सचिवको अध्यक्ष्यतामा प्रदेशस्तरीय छलफल कार्यशाला आयोजना गरियो । प्रदेश सरकारका बिविन्न मन्त्रालयका अधिकारी, विषयगत समूह (Cluster) का प्रतिनिधि, संयुक्त राष्ट्र संघीय निकाय, गैरसरकारी संस्था, पत्रकार, सुरक्षा निकाय -४,

रेडक्रस प्रतिनिधि र अन्य सरोकारवालाको उपस्थितिमा कार्यशाला सम्पन्न भएको थियो

**(३) विषयगत क्षेत्रसँग परामर्शः**

कार्ययोजनाको तयारीका लागि विषयगत विषयलाई समेट्ने लक्ष्यसाथ देहायका ५ वटा विषयगत क्षेत्र पहिचान गरिएका थिए:

१. उत्पादनमूलक क्षेत्र (कृषि, खाद्यसुरक्षा, जीविकोपार्जन, उद्योग र पर्यटन)

२. सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण, सामाजिक सुरक्षा, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन, सुशासन र सामाजिक समावेशीकरण)

३. भौतिक पूर्वाधार (शहरी विकास, आवास, यातायात, ऊर्जा र सिँचाइ तथा सबै क्षेत्रका भौतिक संरचना वा पूर्वाधार)

४. प्राकृतिक स्रोत तथा वातावरण (वन, वातावरण, जैविक विविधता र जलवायु परिवर्तन अनुकूलन)

५. पूर्वतयारी (आपत्कालीन प्रतिकार्य र “अझ राम्रो र बलियो निर्माण” का लागि पूर्वतयारी)

माथि उल्लेख भएका विषगत क्षेत्रभित्र सामाजिक समावेशीकरणका प्राथमिकतालाई सम्बोधन गर्ने सुनिश्चत गरिएको थियो । सबै विषयगत क्षेत्रमा सम्बन्धित मन्त्रालय र विकास साझेदार, निजी क्षेत्र, सञ्चार माध्यमलगायतका प्रतिनिधि रहेका थिए । यी विषयगत समितिमा रणनीतिको आवश्यकता, महत्व र प्राथमिकता प्राप्त क्षेत्रअनुरुप रणनीतिक कार्य र रणनीतिक क्रियाकलाप पहिचानका लागि विस्तृत छलफल गरी सुझाव प्राप्त गरिएको थियो।

**(४) स्थानीय तहसँग परामर्श कार्यशालाः**

प्रदेश विपद् जोखिम न्यूनीकरण नीति र रणनीतिक कार्ययोजना तयारीका क्रममा रोल्पा र गुल्मी जिल्लाका पहिरोबाट प्रभावित रहेका स्थानीय तहको स्थलगत भ्रमण गरी कार्यशालाको आयोजना गरियो । यसरी गरिएका भ्रमणका क्रममा भएका छलफल र कार्यशालाबाट नीति र रणनीतिक कर्ययोजनाले सम्बोधन गर्नु पर्ने विषयमा सुझाव सङ्कलन गरिएको थियो।

**(५) लिखित पृष्ठपोषणः**

विभिन्न तहमा छलफल र सुझाव प्राप्त गरी तयार गरिएको प्रस्तुत रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिनुपहिले प्रदेश सरकारका सबै मन्त्रालय, सुरक्षा निकाय, जिल्ला समन्वय समिति, स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई विद्युतीय माध्यमबाट सम्प्रेशण गरी लिखित पृष्ठपोषण लिइयो ।

### (६) नियमित बैठक:

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयका सचिवको संयोजकत्वमा गठित रणनीतिक कार्ययोजना तर्जुमा समितिको बैठक नियमित रूपमा बस्यो । बैठकमा चरणबद्ध छलफल गरी नीति र रणनीतिक कार्ययोजना तयारीका कार्यलाई अगाडि बढाउने कार्य भएको थियो ।

## ३.३. मार्गदर्शक सिद्धान्त

प्रदेश विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछन्:

(१) प्रदेश सरकारले विपद् व्यवस्थापनका सबै पक्षमा सहजीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्नेछ । जिम्मेवारी पूरा गर्न सरकारले विपद् व्यवस्थापनका निमित्त आवश्यक पर्ने संस्थागत संरचना निर्माण र संस्थागत सुदृढीकरण गर्नेछ । केन्द्र, जिल्ला र स्थानीय तहसँग समन्वय गरी काम गर्नेछ ।

(२) प्रदेश सरकारले केन्द्र र स्थानीय तह, सरोकारवाला सङ्घसंस्थाहरू तथा समुदाय, निजी क्षेत्रसँग साझेदारी अभिवृद्धि गरी र नागरिकको प्रत्यक्ष सहभागितामा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका कार्य गर्नेछ ।

(३) स्थानीय तह र समुदायलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारीमार्फत् विपद् जोखिम न्यूनीकरणका लागि प्राविधिक तथा अन्य सहयोग परिचालन गरिनेछ।

(४) विपद् जोखिमसम्बन्धी सूचना र जानकारीमा सबैको पहुँच सुनिश्चित गर्न विज्ञानमा आधारित तथ्याङ्क व्यवस्थापन सबै तहमा शुलभ रूपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(५) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई उपयोग गर्दै प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गरिनेछ ।

(६) आपत्कालीन प्रतिकार्यका क्रममा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रवर्द्धन गर्नेछ । यसका लागि जोखिम हस्तान्तर कार्यलाई प्रभावकारी बनाउनेछ ।

(७) समुदायको विपद् सामना क्षमता विकास गर्दै अपत्कालीन समयमा विभेदरहित प्रतिकार्य अर्थात् मानवीय सेवा प्रदान गर्ने कार्यमा खासगरी बृद्ध-वृद्धा, अपाङ्गता भएका वर्ग, महिला, बालबालिका र अति गरीब समुदायलाई प्राथमिकतामा राखिने

छ र सेवा प्रवाहमा उनीहरूको पहुँच सुनिश्चित गरिनेछ ।

(८) विपद्पछिको शीघ्र पुनर्लाभ, पुनर्निर्माण, पुनःस्थापनाका क्रममा उत्थानशील विकासलाई सुनिश्चित गर्न "अझ राम्रो र बलियो निर्माण" को अवधारणा कार्यान्वयन गरिनेछ ।

## ३.४. दीर्घकालीन सोच, अपेक्षित परिणाम, लक्ष्य, उद्देश्य

### (१) दीर्घकालीन सोचः

१. विपद् उत्थानशीलशीलता अभिवृद्धि गरी सुरक्षित र समृद्ध प्रदेशको विकास गर्नु ।

### (२) ध्येयः

२. विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गरी उत्थानशीलता अभिवृद्धिका साथै दिगो विकास लक्ष्य हासिल गर्नु ।

### (३) उद्देश्यः

१. विपद् उत्थानशीलता अभिवृद्धि गरी मानवीय मृत्यु, प्रभावित हुने मानिसको सङ्ख्या र जीवन निर्वाहका साधन, स्वास्थ्य, शिक्षालगायतका आधारभूत सेवाप्रदायक क्षेत्रका साथै सामाजिक, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति कम गर्नु ।

२. प्राकृतिक, गैरप्राकृतिक विपद्को जोखिम पहिचान र न्यूनीकरण गरी उत्थानशील प्रदेशको विकास गर्नु,

३. नियमित विकास योजना तर्जुमा तथा कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्नु,

४. प्रभावकारी प्रतिकार्य र पुनःस्थापनामा "अझ बलियो र अझ राम्रो निर्माण" का लागि पूर्वतयारीलाई सुदृढ बनाउनु ।

### (४) अपेक्षित परिणामः

१. नियमित विकास योजनामा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण भएर विपद् उत्थानशील प्रदेशको विकास हुनेछ ।

२. विषयगत क्षेत्रको विकासमा हुने क्षति कम भएर मानवीय मृत्यु तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रूपमा कम हुनेछ ।

३. निजी तथा सार्वजनिक लगानी र सम्पत्ति, जीविकोपार्जनका साधन, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सेवा प्रदायक क्षेत्रमा जोखिम न्यूनीकरण भएर उत्थानशील

प्रदेशको विकास हुनेछ ।

४. नागरिक तथा प्रदेशवाशीमा विपद् जोखिम न्यूनीकरण गर्ने संस्कृतिको विकास भएर समृद्ध प्रदेशको निर्माणमा योगदान पुग्नेछ ।

## ३.५. मापनयोग्य लक्ष्य प्रक्षेपण

विपदबाट विभिन्न क्षेत्रमा हुने क्षति र सेवा प्रदायक क्षेत्रमा उत्पन्न हुने अवरोध घटाएर मानिस, मानवीय सम्पत्ति एवं वातावरणमा पर्ने प्रतिकूल प्रभाव कम गर्नु यस रणनीतिक कार्ययोजनाको लक्ष्य रहेको छ ।

नेपाल सरकारबाट समेत प्रक्षेपित लक्ष्यअनुरुप प्रदेश सरकारले विपद्का कारण हुने क्षतिलाई घटाएर विपद् उत्थानशील प्रदेशको निर्माण गर्ने गरी देहायअनुसारका मापनयोग्य लक्ष्य प्रक्षेपण गरेको छः

| क्रसं. | सूचक | आधार रेखा (२०७८ सम्मको औषत) | अल्पकालीन (२०८०) | मध्य कालीन (२०८३ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
|---|---|---|---|---|---|
| १ | प्रदेशमा विपदबाट हुने मानवीय मृत्युदर घटाउने | | | | |
| १.१ | विपद् (सडक दुर्घटनाबाहेक) बाट हुने मानवीय मृत्यु (वार्षिक औसत) सङ्ख्या घटाउने | ३१ | २५ | २० | १७ |
| १.२ | सडक दुर्घटनाबाट हुने मानवीय मृत्यु (वार्षिक औसत) को सङ्ख्या घटाउने | ३१६ (२०७८ को मात्र ) | २५० | २०० | १५४ |
| २ | प्रदेशमा विपदबाट प्रभावित परिवारको सङ्ख्या कम गर्ने | | | | |

| क्रसं. | सूचक | आधार रेखा (२०७८ सम्मको औषत) | अल्पकालीन (२०८०) | मध्य कालीन (२०८३ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
|---|---|---|---|---|---|
| २.१ | विपदबाट प्रत्यक्ष प्रभावित हुने परिवार (वार्षिक औसत) को सङ्ख्या घटाउने | ३,२३७ | ३,१०० | २,८५० | २,४२२ |
| २.२ | विपदबाट घाइते हुने मानिस (वार्षिक औसत) को सङ्ख्या घटाउने | ३५६ | २९५ | १०८ | ६४ |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने (वार्षिक औसत) को सङ्ख्या घटाउने | १,६०८ | १,२०६ | ८८४ | ४०२ |
| २.४ | विपदबाट सरकारी, सार्वजनिक र निजी भवन तथा घरमा हुने क्षति (वार्षिक औसत) को सङ्ख्या घटाउने | १,५३४ | १,३२७ | ८०० | ५६६ |
| ३ | प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा विपदबाट प्रत्यक्ष रूपमा हुने आर्थिक क्षति कम गर्ने | तथ्याङ्क उपलब्ध नभएको | २०% | ५०% | ८०% |
| ४ | महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपदबाट हुने क्षति र अवरोध कम गरी उत्थानशीलता बढाउने | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २०% | ५०% | १००% |

| क्रसं. | सूचक | आधार रेखा (२०७८ सम्मको औषत) | अल्पकालीन (२०८०) | मध्य कालीन (२०८३ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
|---|---|---|---|---|---|
| ४.२ | कक्षा कोठाहरूको मर्मतसम्भार र प्रबलीकरण गरी उत्थानशीलता बढाउने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २३% | ४०% | ८५% |
| ४.३ | विद्यालय भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २३% | ४०% | ८५% |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका माध्यमबाट गुणस्तरी शिक्षाका लागि सुरक्षित विद्यालयको नमूना विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २५% | ६०% | १००% |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता बढाउने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ३०% | ६०% | १००% |
| ४.६ | सांस्कृतिक सम्पदाको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ३०% | ६०% | १००% |
| ४.७ | विमानस्थलहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ५०% | ७५% | १००% |

| क्रसं. | सूचक | आधार रेखा (२०७८ सम्मको औषत) | अल्पकालीन (२०८०) | मध्य कालीन (२०८३ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
|---|---|---|---|---|---|
| ४.८ | खानेपानीका संरचनाहरूको मर्मतसम्भार गरी उत्थानशीलता विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ६०% | ८०% | १००% |
| ४.९ | एकीकृत जलश्रोत व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २५% | ५०% | ८०% |
| ४.१० | उच्च जोखिमयुक्त हिमताल विस्फोटन बाढीको जोखिम न्यूनीकरण (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ३०% | ५०% | १००% |
| ४.११ | बायो इन्जिनियरीङ प्रविधिद्वारा आयमूलक प्रक्रिया अवलम्बन गरी नदी किनाराको संरक्षण गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | १०% | ३०% | ६०% |
| ४.१२ | जलाधारहरूको संरक्षण गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ३०% | ६०% | १००% |
| ४.१३ | सिमसार र स्थानीय पोखरीहरूको संरक्षण गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २५% | ६५% | १००% |
| ४.१४ | जलवायु स्मार्ट गाउँको विकास (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २०% | ४०% | ६५% |
| ४.१५ | जलवायु स्मार्ट कृषि विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २०% | ३५% | ७०% |

| क्रसं. | सूचक | आधार रेखा (२०७८ सम्मको औषत) | अल्पकालीन (२०८०) | मध्य कालीन (२०८३ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
|---|---|---|---|---|---|
| ५ | स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने | | | | |
| ५.१ | स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ५०% | १००% | १००% |
| ५.२ | प्रदेश र स्थानीय तह र सरोकारवालाबीच समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ५०% | १००% | १००% |
| ५.३ | पुनर्लाभ, पूनःस्थापना तथा पुनर्निर्माणका लागि “अझ राम्रो र बलियो निर्माण” को सिद्धान्तअनुरुप श्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी निकायहरूको क्षमता विकास गर्ने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | २०% | ५०% | ८०% |
| ६ | बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा बढाउने | | | | |
| ६.१ | प्रदेशको कूल क्षेत्रफलमध्ये बहुप्रकोप अनुगमन र पूर्वसूचना प्रणालीको स्थापना र सञ्चालन भएको क्षेत्रफल बढाउने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | १५% | ३०% | ५०% |

| क्रसं. | सूचक | आधार रेखा (२०७८ सम्मको औषत) | अल्पकालीन (२०८०) | मध्य कालीन (२०८३ सम्म) | दीर्घकालीन (२०८७ सम्म) |
|---|---|---|---|---|---|
| ६.२ | विपद् प्रभावित क्षेत्रको जनसङ्ख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणालीमार्फत् पूर्वसूचना प्राप्त गर्ने जनसङ्ख्या बढाउने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ७०% | ८०% | १००% |
| ६.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी र प्रतिकार्य योजना भएका स्थानीय तहहरूको (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ५०% | १००% | १००% |
| ६.४ | समुदाय स्तरमा विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ४०% | ७०% | १००% |
| ६.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसङ्ख्या बढाउने (प्रतिशतमा) | तथ्याङ्क उपलब्ध नभएको | ५०% | १००% | १००% |

उल्लिखित लक्ष्य प्राप्तिका लागि देहायबमोजिमका प्राथमिकता प्राप्त क्षेत्र, प्राथमिकता प्राप्त कार्य र रणनीतिक कार्ययोजना निर्धारण गरिएको छ:

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिम आँकलन एवं बुझाइको विकास**

प्राथमिकता प्राप्त कार्य १: बहूप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण

प्राथमिकता प्राप्त कार्य २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण

प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २: विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ४: नीतिगत व्यवस्था र संस्थागत विकास एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ५: समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य ६: समन्वय संयन्त्रको विकास

प्राथमिकता प्राप्त कार्य ७: विपद् उत्थानशीलताका लागि सहकार्य र साझेदारी

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्द्धन**

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लागानी अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् पूर्वतयारी सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १२: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १३: बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार

प्राथमिकता प्राप्त कार्य १४: खोज तथा उद्धार क्षमता विकास

प्राथमिकता प्राप्त कार्य १५: उत्थानशील पुनर्निर्माण, पुनःस्थापना र पुनर्लाभका लागि "अझ राम्रो र बलियो निर्माण" को प्रवर्द्धन

# अध्याय ४ प्राथमिकता प्राप्त क्षेत्र १ः विपद् जोखिम आँकलन एवं बुझाइको विकास

प्रदेशको भूगोल, सामाजिक-आर्थिक वस्तुस्थिति र विपद्को परिदृष्यलाई लिएर विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गरिएको छ । यस रणनीतिको तर्जुमामा सेण्डाइ कार्यढाँचा सन् २०१५-२०३० ले प्रस्तुत गरेको मार्गचित्र र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले गरेको मार्गदर्शनलाई समेत आधार मानिएको छ ।

प्रकोपको प्रकृति, बारम्बारता र त्यसले पार्ने प्रभाव, सामाजिक तथा आर्थिक अवस्था, स्थानीय ज्ञान, सीप र प्रविधि एवं वर्तमान विज्ञान तथा प्रविधिबीच सामञ्जश्य गरी जोखिम पहिचान र जोखिमको न्यूनीकरण गर्नु आवश्यक छ । यसका लागि आम मानिसमा विपद् र यसको जोखिमबारेको बुझाइलाई सशक्त बनाउनु पर्छ। मानवीय पूँजी, प्राकृतिक पूँजी, सामाजिक पूँजी, भौतिक पूँजी र वित्तीय पूँजीजस्ता जीविकोपार्जनका साधन वा प्रदेशले निर्धारण गरेका विकासका विषयगत क्षेत्रमा विपदबाट पर्ने प्रभावको प्रकृति र परिणामबारे स्पष्ट बुझाइ नभएसम्म विपद् जोखिम न्यूनीकरणका काम प्रभावकारी बन्दैनन् । त्यसैले विपद् जोखिमबारे आम मानिसको बुझाइलाई यथार्थ बनाउन "विपद् जोखिमबारे बुझाइको विकास" पहिलो प्राथमिकता प्राप्त क्षेत्रको रूपमा पहिचान गरिएको छ, जसअन्तर्गत निम्न तीनवटा प्राथमिकता प्राप्त कार्य निर्धारण गरिएको छ

प्राथमिकता प्राप्त कार्य १ः बहूप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण

प्राथमिकता प्राप्त कार्य २ः विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण

प्राथमिकता प्राप्त कार्य ३ः विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि

उल्लिखित तीनवटा प्राथमिकताप्राप्त कार्यलाई परिणाममुखी बनाउन निम्नअनुसार काम गर्ने गरी कार्ययोजना तयार गरिएको छ:

## ४.१. प्राथमिकता प्राप्त कार्य १ः बहूप्रकोप जोखिम आँकलन, नक्शाङ्कन र विश्लेषण

प्रदेशमा हुने विपद् तथा जलवायुजन्य जोखिमको अध्ययन, अनुसन्धान गरी प्रकोपको आँकलन, नक्शाङ्कन र विश्लेषण गरी अभिलेखीकरण गरिनेछ ।यस क्रममा प्रमुख विपद्को छुट्टा-छुट्टै र एकीकृत नक्शाङ्कन र अभिलेखीकरण गरी विपद् जोखिम न्यूनीकरणका कार्य समेत पहिचान गर्न निम्नअनुसार कार्य गरिनेछ:

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | आधारभूत नक्सा तयारी: प्रदेशको भौगर्भिक सक्रिय दरार, भौगोलिक स्वरुप, भिरालोपन, जलाधार, भूउपयोगको अवस्था, वर्षा लगायतका विषय समेटेर परिवेश अनुरुप छुट्टा छुट्टै र एकीकृत नक्शा तयार गर्ने । | प्रदेशमा प्रकोपको सम्भावना पहिचान र न्यूनीकरणका उपाय अवलम्बन गर्न आधारभूत नक्शाहरू तयार भएका हुनेछन् । | अल्प कालीन | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• खानी तथा भूगर्भ विभाग<br>• जल तथा मौसम विज्ञान विभाग<br>• विकास साझेदार<br>• स्थानीय तह |
| २ | भूकम्पीय जोखिमको अनुसन्धान र नक्शाङ्कन:<br>भूकम्पको उच्च जोखिम रहेका क्षेत्र र समुदायको पहिचान र जोखिम नक्शाङ्कन गर्ने, गराउने । | भूकम्पको जोखिम रहेका क्षेत्रको अवस्था र स्तर पहिचान भएर जोखिम न्यूनीकरण कार्यक्रम तयार भएका हुनेछन् । | अल्प कालीन | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • खानी तथा भूगर्भ विभाग<br>• विश्वविद्यालय<br>• अनुसन्धान प्रतिष्ठान<br>• दातृ निकाय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | बाढीको जोखिम पहिचान र नक्शाङ्कन:<br>विशेषगरी प्रदेशका कर्णाली, बबई, तिनाउ, राप्ती र नारायणी नदीका साथै साना नदीहरूको बाढीको जोखिमको वैज्ञानिक अध्ययन गरी जोखिम नक्शाङ्कन गर्ने । | प्रदेशमा बग्ने साना ठूला नदीमा आउनसक्ने बाढीको आँकलन र नक्शाङ्कन भएर जोखिम न्यूनीकरणका मार्ग तयार भएका हुनेछन् । | अल्प कालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• प्राज्ञिक निकाय<br>• जल तथा मौसम विज्ञान विभाग |
| ४ | पहिरोको अध्ययन र नक्शाङ्कन:<br>प्रदेशका सबै पहाडी जिल्लाको भौगर्भिक अध्ययन गरी पहरोको जोखिम नक्शाङ्कन गर्ने । | पहिरोको उच्च जोखिममा रहेका क्षेत्रको भौगर्भिक अध्ययन भएर पहिरोको जोखिम नक्शाङ्कन भई पहिरो नियन्त्रणका कार्य भएका हुनेछन् । | अल्प कालीन | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • खानी तथा भूगर्भ विभाग<br>• विश्वविद्यालय<br>• अनुसन्धान प्रतिष्ठान<br>• दातृ निकाय<br>• वन तथा भू-संरक्षण विभाग<br>• स्थानीय तह |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | आगलागीको जोखिम पहिचान: प्रदेशमा सबैभन्दा बढी आगलागी हुने गरेका छन्, तिनको कारण र अवस्थाको अध्ययन गरी जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन गर्ने । | आगलागीको जोखिम र कारण पहिचान भई जोखिम न्यूनीकरणका आधार तयार भएका हुनेछन् । | अल्प कालीन | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • सामाजिक विकास मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ६ | सडक दुर्घटना क्षेत्रको पहिचान र नक्शाङ्कन: अत्यधिक दुर्घटना हुने सडकको स्तर वर्गीकरण गरी जोखिम न्यूनीकरणका विधि पहिचान गर्ने। | सञ्चालनमा रहेका सडकको अवस्था र अत्यधिक जोखिम रहेका क्षेत्रको पहिचान भएको हुनेछ । | अल्प कालीन र निरन्तर | भौतिक पूर्वाधार विकास मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• ट्राफिक प्रहरी<br>• विकास साझेदार |
| ७ | अन्य प्रकोपको लेखाजोखा र नक्शाङ्कन: प्रदेशमा हुने चट्याङ, जनावर आतङ्क, शीतलहर, महामारी, डुवानलगायतका विपद्जन्य घटना हुने सम्भावित क्षेत्र र कारण पहिचान गरी जोखिम नक्शाङ्कन र अभिलेखीकरण गर्ने । | प्राकृतिक र मानवीय कारणबाट उत्पन्न हुने विपद्जन्य जोखिमको क्षेत्र र कारण पहिचान भएको हुनेछ । | अल्प कालीन र निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक निकाय<br>• विकास साझेदार<br>• जल तथा मौसम विज्ञान विभाग |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८ | सङ्कटासन्नता र जोखिम लेखाजोखा: समुदायमा आधारित र विज्ञानमा आधारित विधि तथा औजार प्रयोगद्वारा प्रदेशको सङ्कटासन्नता जोखिम लेखाजोखा गरी जोखिमको तह स्तरीकरण गर्ने। | प्रदेशका सबै समुदायको विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिम लेखाजोखा भएको हुनेछ । | अल्प कालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• प्राज्ञिक निकाय<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ९ | विषयगत क्षेत्रको जोखिम पहिचान: भौतिक पूर्वाधार, कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, सञ्चार, सामाजिक विकाससमेत विभिन्न क्षेत्रमा रहेको र सम्भावित जोखिम र जोखिम न्यूनीकरणका उपाय पहिचान गर्ने । | विकासका विषयगत क्षेत्रमा पर्ने विभिन्न प्रकारका विपद् र त्यसको सम्भावित प्रभावबारे सबै तह र वर्गले जानकारी पाएका हुनेछन् । | मध्य कालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक नियकाय<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १० | विपद् जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा: भौगोलिक तथा भौगर्भिक दृष्टिले बहुविपद् जोखिम न्यूनीकरण गर्न समेत उपयुक्त हुनेगरी प्रकोप नक्शाङ्कनमा आधारित जोखिम सम्वेदनशील भूउपयोग योजना तयार गर्ने, गराउने । | भूउपयोग योजना तयार भई भूमिको अवस्था अनुसार उपयोग भएर जोखिम न्यूनीकरणमा सहयोग मिलेको हुनेछ । | मध्य कालीन | • भूमि व्यवस्था तथा कृषि विकास मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ११ | महामारीको लेखाजोखा: विश्वव्यापी रूपमा विस्तार भइरहेका प्याण्डामिक महामारीको सम्भावनाप्रति सजगता अपनाउन यसको जोखिम पहिचान नियमित रूपमा गर्ने । | प्याण्डामिक महामारी र कीटपतङ्गका कारण उत्पन्न हुनसक्ने विपद् जोखिमको अभिलेख भएको हेछ । | अल्प कालीन र निरन्तर | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• सरोकारवाला निकायहरू<br>• दातृ निकाय<br>• स्थानीय तह |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १२ | सडक दुर्घटनाको जोखिम नक्शाङ्कन:<br>सडकको अति सम्बेदनशील र दुर्घटना सम्भावित क्षेत्रको नक्शाङ्कन गरी जोखिम न्यूनीकरण विधिको अभिलेखीकरण गर्ने । | सबै तह र वर्गमा दुर्घटना हुने र जोखिमयुक्त सडकको जोखिम न्यूनीकरणमा सचेतना अभिवृद्धि भएको हुनेछ । | अल्प कालीन र निरन्तर | • भौतिक पूर्वाधार मन्त्रालय | • सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• ट्राफिक प्रहरी<br>• सरोकारवाला निकाय |
| १३ | अपाङ्गता मैत्री जोखिम नक्शाङ्कन:<br>उल्लिखित प्रक्रियाअनुरुप जोखिम नक्शाङ्कन र सम्प्रेषण गर्ने क्रममा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा जोखिमयुक्त पूर्वाधार तथा आश्रयस्थल पहिचान गरी सार्वजनिक गर्ने र गराउने | सबै उमेर, लिङ्ग, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गले विपद्‌को जोखिम र यसबाट बच्ने उपायबारे जानकारी प्राप्त गरेका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज<br>• सरोकारवाला निकाय |
| १४ | जोखिम विश्लेषण र एकीकृत अभिलेख:<br>प्रदेशमा हुनसक्ने सबै प्रकोपको जोखिम विश्लेषण, सङ्कटासन्न वर्ग र समूह र विशेष आवश्यकता भएका वर्गको अवस्था र अवश्यकता समेतको विश्लेषण गरी एकीकृत नक्शाङ्कन र अभिलेखीकरण गर्ने । | प्रदेशमा उच्च सङ्कटासन्न समूहको अवस्था सहितको बहुविपद् जोखिम लेखाजोखाको अभिलेख र जोखिम न्यूनीकरणका आधार तयार भएको हुनेछ । | मध्य कालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• सामाजिक विकास मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक निकाय<br>• दातृ निकाय<br>• विकास साझेदार |

## ४.२. प्राथमिकता प्राप्त कार्य २: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सम्प्रेषण:

प्राथिमकता प्राप्त कार्य १ अनुसार गरिएका कामबाट प्राप्त नतिजाबारे सबै तह र वर्गमा सूचना सम्प्रेषण गरी जानकारी दिएर सचेतना अभिवृद्धिका लागि निम्नअनुसारका कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | आधारभूत तथ्याङ्कको व्यवस्थापन: भौगोलिक सूचना प्रणालीमा आधारित घरधूरीसहितको जनसङ्ख्या, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सडक सञ्जाल, सञ्चार सञ्जाल, खानेपानी, खुला क्षेत्र, भौतिक पूर्वाधारलगायत आधारभूत सेवा प्रदायक क्षेत्रको विस्तृत तथ्याङ्क तयार गरी सबै तह र वर्गमा सम्प्रेषण गर्ने । | प्रदेशको आधारभूत तथ्याङ्क तयारी र सम्प्रेषण भई सबै तह र वर्गमा जानकारी भएको हुनेछ । | मध्यकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश योजना आयोग<br>• विषयगत मन्त्रालय<br>• तथ्याङ्क विभाग<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | विपद् व्यवस्थापन सूचना प्रणालीको विकास:<br>विपद् र जलवायुजन्य जोखिमको पहिचानका आधारसहितको बृहत्तर स्वरुपको भौगोलिक सूचना प्रणालीको विकास गर्ने र यसलाई नियमित अध्यावधिक गर्ने । | सबै तह र समुदायमा विपद् र जलवायु परिवर्तनसम्बन्धी सूचना तथा विस्तृत तथ्याङ्क समेटिएको आधिकारिक सूचनाप्रणालीको विकास भएको हुनेछ | अल्पकालीन र निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ नियका<br>• विकास साझेदार<br>• निजी क्षेत्र<br>• नागरिक समाज |
| ३ | सूचना सम्प्रेषण:<br>विपद् र जलवायुजन्य जोखिमको लेखाजोखा, विश्लेषण र नक्शाङ्कन तथा त्यसको परिणाम एवं जोखिम न्यूनीकरणका विधि सम्बन्धमा सबै तह र वर्गले बुझ्ने विधिद्वारा सञ्चारमाध्यमसँग साझेदरी गरी सूचना सम्प्रेषण गर्ने । | विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका विधि र प्रक्रियाबारे सबै तह र तप्काका मानिसले सूचना र जानकारी प्राप्त गरेका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• प्राज्ञिक निकाय<br>• अनुसन्धान प्रतिष्ठान<br>• सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान<br>• विकास साझेदार<br>• नागरिक समाज |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४ | जनचेतना अभिवृद्धि:<br>आम सञ्चार माध्यम र बहूउपयोगी सामाजिक सञ्जालको उपयोग गरी प्रदेश र स्थानीय तहमा विपद् जोखिम सूचना साझेदारी उपयुक्तताका आधारमा मोबाइल एप्स, पोर्टलमार्फत् जानकारी प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने । | विपद् व्यवस्थापन सूचना प्रणालीमा आधारित सामग्रीमा समुदायको पहुँच बढेर भएर विपद् र यसको जोखिमबारे चेतना अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालय<br>• सञ्चार माध्यम<br>• निजी क्षेत्र<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ५ | सूचना सम्प्रेषण साझेदारी:<br>प्रदेशको समग्र र स्थानविशेषमा भएको विपद् जोखिमबारे आम समुदायमा नियमित सूचना सम्प्रेशण गरी सचेतना अभिवृद्धि गर्न सरकारी निकाय, नागरिक समाजमा आधारित संस्थाहरू, विकास साझेदार, राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूबीच सहकार्य प्रवर्द्धन गर्ने । | विपद् जोखिम र जोखिम न्यूनीकरण सम्बन्धी सूचना र जानकारी सम्प्रेषणमा समाजका विभिन्न वर्गबीच साझेदारीको विकास भई प्रदेशको विपद् उत्थानशीलता अभिवृद्धिमा योगदान मिलेको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चार माध्यम<br>• सामाजिक सञ्जाल<br>• निजी क्षेत्र<br>• दातृ नियकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६ | सामाजिक समावेशीकरणको सुनिश्चितता:<br>विपद् र जलवायुजन्य जोखिम लेखाजोखा, मापन र नक्शाङ्कन गर्दा वा यसबारे जनचेतना अभिवृद्धि गर्दा समाजका उच्च सङ्कटासन्न समुदाय, बालबालिका, तेस्रो लिङ्गी, महिला, स्तनपान गराउने तथा गर्भवती महिला, बृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिसँग छलफल र उनीहरूका समस्या र समस्या समाधानका विषय सुनिश्चित गर्ने । | विपद् जोखिम लेखाजोखा, विश्लेषण, र समाजका उच्च सङ्कटासन्न समुदायमा रहेको जोखिम पहिचानका क्रममा ती वर्गको पहुँच कायम भएको हुनेछ। | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• प्राज्ञिक निकाय<br>• अनुसन्धान प्रतिष्ठान<br>• दातृ निकाय<br>• विकास साझेदार |

## ४.३. प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणका लागि ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि

विपद् जोखिमबारे सबै तह र वर्गमा यथार्थ शिक्षा प्रदान गरी विपद् जोखिम न्यूनीकरणमा सबैलाई क्रियाशील बनाउन र दक्ष जनशक्तिको उत्पादनका लागि निम्नअनुसारका कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | प्रदेश विपद् व्यवस्थापन अनुसन्धान केन्द्रको स्थापना: विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाएर क्षमता विकासका लागि प्रदेशमा एक अनुसन्धान केन्द्रको स्थापना गर्ने। | प्रदेशमा विपद् र जलवायु परिवर्तनसँग सम्बन्धित सबै विषयमा अनुसन्धान तथा प्रशिक्षण सञ्चालन भई ज्ञान अभिवृद्धि र क्षमताको विकास भएको हुनेछ। | अल्पकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• दातृ निकाय<br>• प्राज्ञिक संस्था<br>• विकास साझेदार |
| २ | दक्ष जनशक्ति उत्पादन: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई विकासका विषयगत क्षेत्रमा मूल प्रवाहीकरणसँग सम्बन्धित विषयमा प्रदेश र स्थानीय तहसम्म प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | प्रदेश र सबै स्थानीय तहमा विकासका विषयगत क्षेत्रमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण मूल प्रवाहीकरणमा दक्ष जनशक्तिको विकास भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• जिसस<br>• जिविव्यस<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | अध्ययन र अनुसन्धान: विपद् तथा जलवायुजन्य जोखिमका सम्बन्धमा प्रदेशको अवस्थाबारे अध्ययन अनुसन्धान गरी जोखिमको समग्र अवस्थाको ज्ञान व्यवस्थापन गर्ने । | प्रदेशका सबै क्षेत्रमा हुने विपद्का विशिष्टीकृत जोखिम पहिचान र ज्ञान अभिवृद्धि भई जोखिम न्यूनीकरणका आधार तयार भएका हुनेछन्। | निरन्तर | • प्रदेश विपद् व्यवस्थापन अनुसन्धान केन्द्र | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• प्राज्ञिक निकाय<br>• अनुसन्धान सँग सम्बन्धित प्रतिष्ठानहरू<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ४ | शैक्षिक पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरणका विषय समावेश गर्ने: सबै तहका विद्यालय देखि उच्च शैक्षिक संस्थाका पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विषयगत र अन्तर-विधागत पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापन गराउने । | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समबन्धी दक्ष जनशक्तिको उत्पादन भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• पाठ्यक्रम विकास केन्द्र<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको स्थापना:<br>विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा नियमित ज्ञान प्रवाह गर्नका लागि प्रदेश र सबै स्थानीय तहमा सिकाइ केन्द्र स्थापना गर्ने । | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञान सबै तह र वर्गका समुदायमा प्रवाह भएको हुनेछ। | मध्यकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• प्रदेश विपद् व्यवस्थापन अनुसन्धान केन्द्र<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• निजी क्षेत्र<br>• विश्वविद्यालयहरू<br>• नागरिक समाज |
| ६ | प्रकाशन तथा प्रसारण:<br>विपद् र जलवायु परिवर्तको जोखिम नक्शाङ्कन तथा लेखाजोखाबाट प्राप्त नतिजा, अध्ययन अनुसन्धान प्रतिवेदन, असल अभ्यास आदिको प्रकाशन गरी वितरण गर्ने । | विपद् र जलवायु परिवर्तन सम्बनधमा भएका अध्ययन, अनुसन्धान र अभ्यास एवं अवस्थाबारे सबै तह र वर्गमा ज्ञान प्रवाह भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• प्रदेश विपद् व्यवस्थापन अनुसन्धान केन्द्र<br>• प्राज्ञिक निकाय<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७ | सामुदायमा आधारित समूहहरूको क्षमता विकास: समुदायमा आधारित विपद् व्यवस्थापन समिति र अन्य विषयगत समूहमा स्थानीय तहमार्फत् विपद् जोखिम न्यूनीकरण ज्ञान अभिवृद्धि क्षमता विकास गर्ने । | प्रदेशका सबै स्थानीय तहमा रहेका समूहहरूको विपद् जोखिम न्यूनीकरण र विपद् सामना क्षमता विकास भएको हुनेछ | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• प्रदेश विपद् व्यवस्थापन अनुसन्धान केन्द्र<br>• जिसस<br>• जि. वि. व्य. स.<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ८ | सामाजिक समावेशी र अपाङ्गमैत्री जनशक्ति विकास: विपद्को उच्च जोखिममा रहेका बालबालिका, महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिको चेतना र दक्षता विकासका लागि दक्ष जनशक्ति विकास गर्ने । | उच्च जोखिममा रहेका वर्गमा विपद् जोखिम व्यवस्थापन र जीवन सुरक्षा सम्बन्धी ज्ञान अभिवृद्धि भएर मानवीय क्षति न्यून भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• जिसस<br>• जि. वि. व्य. स<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९ | निजी क्षेत्रको क्षमता अभिवृद्धि: निजी क्षेत्रका व्यवसायिक तथा ओद्योगिक प्रतिष्ठानसँग आवद्ध व्यापारी, उद्योगी वा व्यवसायी लगायतलाई अभिमुखीकरणका माध्यमबाट क्षामता अभिवृद्धि गरी उनीहरूको जवाफदेहिता एवं सहभागिता सुनिश्चित गर्ने । | विपद् व्यवस्थापनमा निजी क्षेत्रको जवाफदेहिता सहितको सहभागिता सुनिश्चित भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• नेपाल चेम्बर अफ कमर्श<br>• उद्योग वाणिज्य महासङ्घ<br>• यातायात व्यवसायी सङ्घ<br>• अन्य निजी क्षेत्र<br>• दातृ निकाय<br>• विकास साझेदार |

# अध्याय ५

## प्राथमिकता प्राप्त क्षेत्र २:
## विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रदेशले आफ्नै नीतिगत र संस्थागत व्यवस्था गर्नु आवश्यक छ । यस रणनीतिले पहिचान गरेका कार्य सम्पादन गर्न "विपद् जोखिम शासकीय पद्धतिको विकास र सुढीकरण" लाई दोस्रो प्राथमिकता प्राप्त क्षेत्र मानिएको छ । यस प्राथमिकता प्राप्त क्षेत्रअन्तर्गत निम्नअनुसारका चार प्राथमिकता प्राप्त कार्य पहिचान गरिएको छ:

| | |
|---|---|
| प्राथमिकता प्राप्त कार्य ४: | नीतिगत व्यवस्था र संस्थागत विकास एवं सुदृढीकरण |
| प्राथमिकता प्राप्त कार्य ५: | समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन |
| प्राथमिकता प्राप्त कार्य ६: | समन्वय संयन्त्रको विकास |
| प्राथमिकता प्राप्त कार्य ७: | विपद् जोखिम न्यूनीकरणका लागि सहकार्य र साझेदारी अभिवृद्धि |

उल्लिखित प्राथमिकताप्राप्त कार्यलाई आधार मानेर निम्नअनुसार कार्ययोजना तयार गरिएको छ:

### १. प्राथमिकता प्राप्त कार्य ४: नीतिगत व्यवस्था, संस्थागत विकास एवं सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रदेश सरकारले चुस्त नीतिगत व्यवस्था र सुदृढ संस्थागत स्वरुप स्थापनाका लागि निम्न कार्य गर्नेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | नीतिगत तथा कानूनी व्यवस्थामा सुधार:<br>प्रदेशमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीति, ऐन र नियमावली निर्माण गरिनेछ। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक नितिगत व्यवस्था सुनिश्चित भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• मन्त्री परिषद<br>• प्रदेश सभा<br>• विषयगत मन्त्रालयहरू |
| २ | स्थानीय तहमा नीतिगत व्यवस्था:<br>विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका लागि स्थानीय तहमा नीति, ऐन तथा रणनीति र आवश्यक निर्देशिका तयारी गर्न सहयोग<br>गर्ने । | सबै स्थानीय तहमा विपद् जोखिम व्यवस्थाप नसम्बन्धी नीतिगत र कानूनी व्यवस्था भएको हुनेछ। | अल्पकालीन | • स्थानीय तह | • प्रदेश सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• जिसस<br>• जि. वि. व्य. स<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | निर्देशिका, मार्गदर्शन, कार्यविधि र विपद् प्रतिकार्य योजना निर्माण:<br>विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति र यस रणनीतिक कार्ययोजनाअनुरूप विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने मार्गदर्शन, निर्देशिका, कार्यसञ्चालन विधिहरू र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने। | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक नीतिगत दस्तावेज तयार भई कार्यमा चुस्तता आएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • मुख्य मन्त्रीको कार्यालय तथा मन्त्री परिषद<br>• प्रदेश विपद् व्यवस्थापन परिषद<br>• प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति<br>• जिसस<br>• जि. वि. व्य. स<br>• स्थानीय तह |
| ४ | प्रदेश विपद् व्यवस्थापन निकायको स्थापना:<br>प्रदेशमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउन प्रदेश विपद् व्यवस्थापन प्राधिकारणको स्थापना गर्ने । | विपद् उत्थानशील प्रदेशको विकासका लागि संस्थागत व्यवस्था सुदृढ भएको हुनेछ। | अल्पकालीन | • विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति | • मुख्य मन्त्रीको कार्यालय तथा मन्त्री परिषद्<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | विपद् व्यवस्थापन समितिको गठन र सक्रियता प्रवर्द्धन:<br>प्रदेश तहका सार्वजनिक तथा निजी निकाय र स्थानीय तहका वडा तहसम्म विपद् व्यवस्थापन समितिहरूको गठन र तिनको कार्य प्रभावकारिताका लागि सहयोग परिचालन गर्ने । | विपदबाट प्रभावित हुने सरकारी र गैरसकारी क्षेत्रका सबै निकायमा गठित विपद् व्यवस्थापन समिति जोखिम न्यूनीकरण र व्यवस्थापनमा सक्रिय भएका हुनेछन् । | अल्पकालीन | • स्थानीय तह<br>• सम्बन्धित सरोकारवाला निकाय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• विकास साझेदार |
| ६ | निकायगत विपद् व्यवस्थापनको व्यवस्था:<br>प्रदेशका सबै मन्त्रालय र मातहतका निकायहरूमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन शाखा स्थापना गरी सम्पर्क व्यक्ति तोक्ने। | प्रदेश सरकारमातहत सबै निकायमा विपद् जोखिम व्यवस्थापन गर्न जिम्मेवारी प्राप्त इकाइ सक्रिय भएका हुनेछन् । | अल्पकालीन | • विषयगत मन्त्रालय र निकाय | • मूख्य मन्त्रीको कार्यालय<br>• विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७ | आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना:<br>प्रदेश र सबै स्थानीय तहमा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सञ्जालीकरण गर्ने। | आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापनाले विपद् व्यवस्थापन सुदृढ भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• जिल्ला विपद् व्यवस्थापन समिति<br>• विकास साझेदार |
| ८ | स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना:<br>विपद्का समयमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेशमा स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने | विपदबाट प्रभावित भएको समय वा आपत्कालीन समयमा स्वास्थ्य सेवा प्रभावकारी भएको हुनेछ । | अल्पकालीन | • स्वास्थ्य मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• दातृ निकाय<br>• विश्व स्वास्थ्य संगठन<br>• संयुक्त राष्ट्रसंघीय निकायहरू<br>• नेपाल रेडक्रस सोसाइटी<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९ | अनुगमन इकाईको स्थापना:<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कनका लागि बहूसरोकारवाला निकायका प्रतिनिधिसमेत रहेको अनुगमन इकाई गठन गर्ने । | विपद् जोखिम न्यूनकरणसम्बन्धमा भएका कार्यको अनुगमन मूल्याङ्कनद्वारा विपद् उत्थानशीलताका लागि गर्नुपर्ने कार्यमा सुधार भएको हुनेछ। | अल्पकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • मुख्य मन्त्रीको कार्यालय<br>• प्रदेश विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• विषयगत मन्त्रालयहरू |
| १० | सम्मान तथा दण्डसजायको व्यवस्था:<br>विपद् जोखिम व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति तथा संस्थालाई सम्मान वा प्रोत्साहन गर्न कदर एवं पुरस्कार र आघात वा बाधा उत्पन्न गर्ने वा असहयोग गर्नेलाई दण्डसजायको व्यवस्थाका लागि कार्यविधि तयार गर्ने । | विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा सकारात्मक र उत्कृष्ट कार्य गर्ने वातावरण तयार भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ११ | सडक सुशासन इकाई गठन:<br>बढ्दो सडक दुर्घटना न्यूनीकरण गर्न नागरिक समाजका प्रतिनिध समेत रहेको प्रदेश सडक सुशासन इकाई गठन गर्ने । | सडक दुर्घटना न्यूनीकरण भएर प्रदेशमा सडक सुशासन कायम भएको हुनेछ । | अल्पकालीन | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |

## २. प्राथमिकता प्राप्त कार्य ५: समावेशी विपद् व्यवस्थापनको प्रवर्द्धन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्रत्येक कार्यमा जोखिममा रहेका समुदाय, उच्च सङकटासन्न वर्ग र लैङ्गिक तथा सामाजिक विभेदरहित रूपमा सहभागी गराउन र उनीहरूको सुरक्षालाई सुनिश्चित गर्दै क्रियाशील बनाउन निम्नअनुसारका कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | समावेशी सहभागिता:<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी नीतिगत दस्तावेज निर्माण र कार्यक्रम तर्जुमा गर्दा जोखिममा रहेका सङ्कटासन्न एवं सीमन्तीकृत समूह र वर्गका समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि सामाजिक परिचालनलाई प्रभावकारी बनाउने । | विपद् जोखिम व्यवस्थापनसम्बन्धी नीतिगत दस्तावेज र कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा सबै तह र वर्गको प्रतिनिधित्व सुनिश्चित भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालयहरू<br>• नागरिक समूह<br>• जिसस<br>• जि. वि. व्य. स<br>• नेरेसो<br>• नजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |
| २ | लैङ्गिक तथा सामाजिक समावेशीकरण संवेदनशील विपद् व्यवस्थापन:<br><br>विपद् जोखिम व्यवस्थापनका सबै प्रक्रिया र कार्यमा सबै जात, वर्ग र लिङ्गका मानिसको सहभागिता र लैङ्गिक सामाजिक समावेशीमैत्री कार्यक्रम कार्यान्वयन गर्ने। | प्रदेशका सबै तहमा विपद् जोखिम व्यवस्थापन लैङ्गिक मैत्री भएर विपद्को प्रतिकूल प्रभावको सामना क्षमता विकास भएको हुनेछ। | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• जिसस<br>• जि. वि. व्य. स<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | विपद् जोखिम सुशासनको सुनिश्चितता:<br>विपदबाट धेरै प्रभावित हुने उच्च सङ्कटासन्नता र जोखिममा रहेका विभिन्न सामाजिक समूहलाई विपद् व्यवस्थापनका सबै चरणमा सहभागिता सुनिश्चित गरी उनीहरूको सशक्तिकरण र साझेदारीको प्रवर्द्धन गरी विपद् जोखिम साशकीय पद्धतिमा आबद्धता सुनिश्चित गर्ने | समाजका सबै तह, तप्का र वर्गका नागरिक विपद् जोखिम व्यवस्थापनका कार्यमा सक्रिय भएर उत्थानशीलता अभिवृद्धिमा सहभागी भएका हुनेछन् | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह<br>• नागरिक समूह<br>• जिसस<br>• जि. वि. व्य. स<br>• नेरेसो<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |
| ४ | विशेष वर्गका लागि कार्यक्रम:<br>समाजका सीमान्तीकृत समूह, महिला, गर्भवती एवं स्तनपान गराउने महिला, अपाङ्ग, यौनीक अल्पसङ्ख्यक, बालबालिका तथा वृद्धवृद्धा र अति सङ्कटासन्न समूहका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी सञ्चालन गर्ने | सीमान्तीकृत समूहमा समेत विपद् जोखिम व्यवस्थापनका कार्य सञ्चालन भएर जीवन रक्षा र जीविकोपार्जनमा सुधार आएको हुनेछ। | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नागरिक समूह<br>• जि. वि. व्य. स<br>• नेरेसो<br>• नजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |

### ३. प्राथिमकता प्राप्त कार्य ६: समन्वय संयन्त्रको विकास

प्रदेश र प्रदेशभित्रका स्थानीय तहका साथै अन्य प्रदेश र ती प्रदेशका स्थानीय तहसँग सीमा जोडिएका स्थानीय तहमा हुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउन निम्नअनुसार कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | आन्तरिक समन्वय: विपद् जोखिम न्यूनीकरणका कार्यलाई सबै क्षेत्र र तहमा सहज रूपमा कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय सरकार र सबै निकायबीच चुस्त समन्वयका लागि समन्वय इकाई गठन गरिनेछ । | प्रदेश सरकारका सबै निकायबीच प्रभावकारी समन्वय भएर विपद् जोखिम न्यूनीकरणका कार्य सहज रूपमा अगाडि बढेका हुनेछन् । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • मुख्य मन्त्रीको कार्यालय<br>• विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• विषयगत मन्त्रालय र निकाय |
| २ | संघ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय: स्थानीय तह, प्रदेश र संघबीच विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सहकार्यलाई प्रभावकारी बनाउन अन्तर स्थानीय तह, अन्तर प्रदेश समन्वय संयन्त्रको विकास गर्ने । | सीमा जोडिएका प्रदेशहरू र स्थानीय तहहरूबीच विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सहकार्य अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• मुख्य मन्त्रीको कार्यालय<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ३ | अन्तर्राष्ट्रिय समन्वय:<br>लुम्विनी प्रदेशर दक्षिणको छिमेकी देश भारतसँग नदीको उपयोग, बाढी, भूकम्प, पहिरोजस्ता अन्तरदेशीय प्रकृतिका विपद्को जोखिम न्यूनीकरणका लागि संघीय सरकारको स्वीकृतीमा समन्वय संयन्त्रको विकास गर्ने । | अन्तरदेशीय प्रकृतिका विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनमा सहकार्य अभिवृद्धि भएको हुनेछ । | अल्पकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• मुख्य मन्त्रीको कार्यालय<br>• दातृ निकाय<br>• छिमेकी देशको सरकार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४ | विकास निर्माणमा समन्वय:<br>प्रदेश र स्थानीय तहमा आवास, सिँचाइ, उद्योग, कृषि, सडक, जलविद्युत्, ऊर्जा, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचनाजस्ता महत्वपूर्ण पूर्वाधारहरूको निर्माण र सञ्चालनका लागि प्रभावकारी समन्वय गर्ने । | विकास निर्माणका कार्यमा सबै सरोकारवाला मन्त्रालय र निकायबीच समन्वय भएर विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरणमा योगदान मिलेको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय | • मुख्य मन्त्रीको कार्यालय<br>• स्थानीय तह<br>• जिसस<br>• जि. वि. व्य. स<br>• नेरेसो, प्रदेश शाखा<br>• विकास साझेदार |
| ५ | तटीय क्षेत्रसँग सम्बन्ध विस्तार: एकै प्रदेशका विभिन्न स्थानीय तह वा अन्य प्रदेशसँग सीमा जोडिएका तल्लो र माथिल्लो तटीय क्षेत्रबीच सूचना आदान प्रदान तथा जोखिम व्यवस्थापनका लागि समन्वय गरिनेछ । | तल्लो र माथिल्लो तटीय सीमाका प्रदेश र स्थानीय तहबीच विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यमा समन्यव भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • मुख्य मन्त्रीको कार्यालय<br>• विषयगत मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार |

## ४. प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम न्यूनीकरणका लागि सहकार्य र साझेदारी अभिवृद्धि:

प्रदेशमा बहुविपद् जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशीलता अभिवृद्धिका लागि सहकार्य र साझेदारीको विकास सुनिशिश्चत गरिनेछ । यसका लागि निम्नमनुसारका कार्यक्रम सञ्चालन गरिनेछन्:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | बहूसरोकारवाला मञ्चको विकास:<br>प्रदेशभित्र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्यरत एवं विपद् जोखिम न्यूनीकरणका कार्य गर्नु पर्ने बहूसरोकारवाला निकायबीच साझेदरी अभिवृद्धि गर्न बहूसरोकारवाला मञ्च स्थापना गरी राष्ट्रिय तथा स्थानीय तहसँग सञ्जालीकरण गर्ने । | विपद् जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाको विकास भई यसको महत्व उजागर भइ सबै तह र वर्गबीच साझेदारी अभिवृद्धि एवं विपद् सुरक्षा संस्कृतिको विकास भएको हुनेछ। | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालयहरू<br>• नागरिक समूह<br>• जिसस<br>• जि. वि. व्य. स<br>• निजी क्षेत्र<br>• सञ्चारमाध्यम<br>• दातृ निकाय<br>• विकास साझेदार |
| २ | सञ्जालीकरण प्रवर्द्धन:<br>प्रदेशमा कार्यरत विकास साझेदार र स्थानीय तहमा गठन भएका समुदायमा आधारित समितिहरू र सामुदायिक संस्थाहरूको सञ्जालीकरणलाई प्रोत्साहित गर्ने | विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, सामुदायिक संस्था र नागरिक समाजबीच सहकार्य र साझेदारी विकास भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• जिसस<br>• जि. वि. व्य. स<br>• नजी क्षेत्र<br>• नागरिक समूह<br>• सञ्चारमाध्यम<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | युवा परिचालन:<br>विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यमा प्रदेश सरकारका कार्यक्रम र स्थानीय तहका क्रियाकलापमा युवासमूहहरूलाई सहभागी गराएर साझेदारी प्रवर्द्धन गर्ने । | विपद् जोखिम न्यूनीकरणमा युवाको सक्रिय सहभागिता भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालयहरू<br>• शिक्षालयहरू<br>• स्थानीय युवा क्लबहरू<br>• विकास साझेदार<br>• निजी क्षेत्र |
| ४ | सामाजिक समूहसँग सहकार्य:<br>विभिन्न क्षेत्रमा क्रियाशील उपभोक्ता समूह, आमा वा महिला समूह, कृषि समूह वा समुदायमा रहेका समूहहरूसँग सहकार्य गरी स्थानीय तहको विपद् जोखिम नन्यूनीकरणका कार्यलाई प्रवर्द्धन गर्ने । | समुदायमा क्रियाशील समूहहरू विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा क्रियाशील भएर नागरिक तहमा सुरक्षित संस्कृतिको विकास भएको हुनेछ। | निरन्तर | • स्थानीय तह | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू<br>• विकास साझेदार<br>• निजी क्षेत्र |
| ५ | दाता, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य: प्रदेशमा रहेका औद्योगिक तथा व्यापारिक प्रतिष्ठन, पर्यटन व्यवसायी, इच्छुक दाता, गैरसरकारी क्षेत्र र सञ्चार माध्यमलगायतका बहूसरोकारवाला क्षेत्रसँग सहकार्य गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्य गर्ने। | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सबै सरोकारवाला बीच सहकार्य प्रवर्द्धन भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालयहरू<br>• दातृ निकाय<br>• औद्योगिक तथा व्यापारिक प्रतष्ठान<br>• पर्यटन वयवसायी<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

# अध्याय ६

## प्राथमिकता प्राप्त क्षेत्र ३ः
## विपद् जोखिम न्यूनीकरणमा आधारित लगानी प्रवर्द्धन

सरकारलगायत गैरसरकारी एवं निजी क्षेत्रबाट विकासमा हुने लगानीलाई विपदबाट सुरक्षित राख्न र उत्थानशील बनाउन विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका विभिन्न पक्षमा लगानी बढाउनु आवश्यक हुन्छ । यस सन्दर्भमा विपद् जोखिम न्यूनीकरणमा भइरहेका कार्यलाई थप प्रभावकारी र प्रतिफलमुखी बनाउन प्रयास गरिनेछ । यसका लागि देहायअनुसारका प्राथमिकता प्राप्त कार्य पहिचान भएका छन्:

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लगानी अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य १०: विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन

विपद् जोखिम संवेदनशीलतामा आधारित लगानी प्रवर्द्धनका लागि पहिचान गरिएका उपरोक्त प्राथमिकता प्राप्त कार्यको कार्यान्वयनका लागि निम्नअनुसार रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ:

### ६.१. प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणका लागि सरकारी लागानी अभिवृद्धिः

सामाजिक तथा आर्थिक विकास र भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाउन सरकारले जोखिम न्यूनीकरणका कार्य सुनिश्चित गर्न लगानी वृद्धि गर्नु आवश्यक पर्दछ । यसका लागि प्रदेश सरकारले लगानी अभिवृद्धि गर्न निम्नअनुसारका रणनीतिक कार्य गर्नेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | भूउपयोग कार्यक्रम: प्रकोप आँकलन अनुसार तयार भूउपयोग योजनाअनुरूप भूमिको उपयोग सुनिश्चत गर्न र भूक्षय तथा पहिरोको नियन्त्रणमा लगानी गर्ने । | भूमिको स्वरुप अनुसार वर्गीकरण गरी भूउपयोग भएर भूक्षय तथा पहिरो नियन्त्रणमा लगानी वृद्धि भएको हुनेछ । | दीर्घकालीन र निरन्तर | • तथा कृषि भूमि व्यवस्था मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |
| २ | विपद् संवेदनशील योजना: विपद् जोखिमको पहिचान, लेखाङ्कन, अभिलेखीकरण अनुसार प्रदेशको आवधिक योजना तथा वार्षिक कार्यक्रम निर्माण गरी जोखिम संवेदनशीलताका आधारमा र कार्यान्वयन गर्ने । | प्रदेशको आवधिक योजना तर्जुमा तथा कार्यान्वयन, अध्ययन तथा अनुसन्धानमा आधारित योजना र कार्यक्रम लागू भएको हुनेछ । | निरन्तर | • प्रदेश योजना आयोग | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• दातृ निकाय<br>• नागरिक समाजका संस्था |
| ३ | विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण: विकासका विषयगत क्षेत्रका योजना तर्जुमा तथा कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण सुनिश्चित गर्न उपयुक्त कार्यक्रम र आवश्यक बजेट विनियोजन गर्ने। | विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूल प्रवाहीकरण भएर विपद् उत्थानशीलताका अभिवृद्धि भएको हुनेछ । | मध्यकालीन र निरन्तर | • प्रदेश योजना आयोग | • संघीय सरकार<br>• विषयगत मन्त्रालय र निकाय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाजका संस्था |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४ | भौतिक पूर्वाधारको प्रबलीकरण: पुराना एवं जोखिमयुक्त विद्यालय, स्वास्थ्य संस्था, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा, पुल, प्रदेशस्तरिय जलविद्युत् गृह लगायतका पूर्वाधारको जोखिम पहिचान गरी प्रबलीकरणमा लगानी बढाउने । | कमजोर भौतिक संरचनाका कारण हुने क्षति न्यूनीकरण र तिनबाट प्राप्त हुने आधारभूत सेवाको प्रबलीकरणमा लगानी बढेको हुनेछ । | निरन्तर | भौतिक पूर्वाधार विकास मन्त्रालय | • संघीय सरकार<br>• प्रदेश योजना आयोग<br>• विषयगत मन्त्रालय र निकाय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ५ | पूर्वाधार निर्माणमा जोखिम न्यूनीकरण लगानी: सरकारी र सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल, कलभर्ट, खानेपानीका पूर्वाधार, विद्युत् वितरण, सञ्चारका साधनलगायत भैतिक पूर्वाधार निर्माणका कार्यक्रम तयारी, डिजाइन र निर्माण गर्दा जोखिम न्यूनीकरणका लागि कार्यक्रमसहित बजेट व्यवस्था गर्ने। | सरकारी तथा निजी क्षेत्रको समेत लगानीमा निर्माण हुने सबै प्रकारका भौतिक पूर्वाधार र संरचना विपद् उत्थानशील भएका हुनेछन् । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश योजना आयोग<br>• अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६ | सुरक्षित पर्यटन प्रवर्द्धनमा लगानी: सुरक्षित पर्यटकीय क्षेत्रको विकास र सुरक्षित पदमार्ग निर्माण तथा पर्यटकीय क्षेत्रमा पूर्वसूचना प्रणालीको विकासमा लगानी बढाउने । | पर्यटकीय क्षेत्र र पदमार्गमा विपद्को जोखिम घटाउन पूर्वसूचना प्रणाली विकासका लागि लगानी बढेको हुने छ । | मध्यकालीन र निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • विषयगत मन्त्रालयहरू<br>• प्रदेश योजना आयोग<br>• पर्यटन व्यवसायी<br>• अन्य निजी क्षेत्र<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ७ | विपद् सुरक्षित शैक्षिक संस्थाको विकास: प्रदेशको अधिकार सूचीहरू अन्तर्गतका सबै शिक्षालयलाई विपद् उत्थानशील बनाउन लगानी गर्ने । | शिक्षालयलाई विपद् उत्थानशील बनाउन आवश्यक लगानी बढेको हुनेछ । | मध्यकालीन | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• विद्यालय | • प्रदेश योजना आयोग<br>• अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• विद्यालय व्यवस्थापन समिति<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |
| ८ | उत्थानशील स्वास्थ्य सेवाको विकासमा लगानी:<br>प्रदेशभरिका स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र उपस्वास्थ्य चौकीको जोखिम न्यूनीकरणमा लगानी बढाउने । | प्रदेशभित्र र स्थानीय तहमा रहेका वा स्थापना हुने स्वास्थ्यसेवा प्रदायक संस्थाहरूमा विपद् जोखिम न्यूनीकरणमा आवश्यक लगानी भएको हुनेछ । | मध्यकालीन र निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• प्रदेश योजना आयोग<br>• अर्थिक मामिला तथा योजना मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नागरिक समाज |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९ | सुरक्षित सडकको निर्माण:<br>भइरहेका सडकको जोखिम न्यूनीकरण गर्न र नयाँ सडकको निर्माणका क्रममा नै सम्भावित दुर्घटना न्यूनीकरणका उपाय अवलम्बन गर्दै सडक सुशासन सुनिश्चित गर्न लगानी बढाउने । | सञ्चालनमा रहेका वा निर्माण हुने सडकहरू सुरक्षित तथा सडकको उपयोगबारे नागरिक सुसूचित भई सडक सुशासन सुनिश्चित भएको हुनेछ । | मध्यकालीन र निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय | • संघीय सरकार<br>• मुख्य मन्त्रीको कार्यालय<br>• प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह प्रदेश<br>• ट्राफिक प्रहरी |
| १० | सुरक्षित कृषि विकासमा लगानी:<br>विपद् र जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न र कृषि सूचना प्रणालीको विकासमा लगानी बढाउने। | विपद् र जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने प्रभाव न्यून भएर कृषि उत्पादनमा वृद्धि भएको हनेछ । | निरन्तर | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• मौसम विज्ञान विभाग<br>• दातृ निकाय<br>• विकास सझेदार |
| ११ | वन्यजन्तुको आक्रमण नियन्त्रण:<br>वन्यजन्तुको आक्रमण नियन्त्रणका लागि भइरहेका प्रयासलाई अझ प्रभावकारी बनाउन नवप्रवर्तनमुखी कार्यक्रम र प्रविधिको खोजी, विकास र प्रवर्द्धन गर्न लगानी अभिवृद्धि गर्ने। | वन्यजन्तुको प्रकार, प्रकृति र आचरण अनुसारका प्रविधिको उपयोगबाट मानव वस्ती तथा खेतीपातीमा तिनको आक्रमण कम भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• प्रदेश विपद् अनुसन्धान प्रतिष्ठान<br>• सामुदियक वन उपभोक्ता समिति<br>• निजी वन लगानीकर्ता<br>• स्थानीय तह<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १२ | बाँदर आतङ्क नियन्त्रण: बाँदरबाट कृषिलगायतका क्षेत्रमा भइरहेको आतङ्क नियन्त्रणका लागि बाँदर नियन्त्रण प्रविधिको खोजी, विकास र प्रवर्द्धन गर्न लागानी बढाइनेछ । | बाँदरबाट घरपरिवार र बालीनालीमा भइरहेको क्षति न्यून भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• प्रदेश विपद् अनुसन्धान प्रतिष्ठान<br>• सामुदियक वन उपभोक्ता समिति<br>• निजी वन लगानीकर्ता<br>• स्थानीय तह<br>• विकास साझेदार |
| १३ | विपद् जोखिम संवेदनशील जैविक विविधता संरक्षण: राष्ट्रिय, सामुदायिक र निजी वनमा वन्यजन्तुको आहारका लागि उपयुक्त हुने चिउरी, बर, पिपलजस्ता वन्य फलफूल लगाएर वन्यजन्तु र मानिसबीचको द्वन्द्व व्यवस्थापनका लागि प्रोत्साहन गर्ने । | वनमा वन्यजन्तुका लागि आहार उपलब्ध भएर मानव वस्ती तथा खेतीपातीमा हुने वन्यजन्तुको अतिक्रमण न्यून भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सामुदियक वन उपभोक्ता समिति<br>• निजी वन लगानीकर्ता<br>• स्थानीय तह<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १४ | जल तथा जलाधार क्षेत्र व्यवस्थापन: सुख्खाग्रस्त क्षेत्रमा कृत्रिम पोखरीहरू निर्माण गरी पानी संरक्षण र वर्षाको पानी सङ्कलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधि विकास गरी ताल, सिमसार, जलाधार क्षेत्र र पोखरीहरूको संरक्षणमा लगानी बढाउने । | जलाधार क्षेत्र र जलसम्पदाको संरक्षण तथा उच्च सङ्कटासन्नता रहेका क्षेत्रमा जल व्यवस्थापन भएर पानीको अभावका कारण हुने जोखिम न्यून भएको हुनेछ। | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • संघीय सरकार<br>• प्रदेश योजना आयोग<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| १५ | समावेशी संरचनामा लगानी: सरकारी तथा, सामुदायिक भवन, विद्यालय, अस्पताल र आश्रयस्थलहरू, व्यवसायिक प्रतिष्ठान र सबै प्रकारका पूर्वाधार महिला, बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गमैत्री बनाउन लगानी सुनिश्चत गर्ने । | सर्वजनिक तथा निजी भौतिक पूर्वाधारू महिला, बालबिलका, अपाङ्ग तथा वृद्ध-वृद्धा मैत्री भएर विपद् उत्थानशीलता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• प्रदेश योजना आयोग<br>• सामाजिक विकास मन्त्रालय<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार । |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १६ | आगलागी प्रतिरोधि संरचना निर्माण: विभिन्न कारणले धेरै क्षेत्रमा निरन्तर आगलागी हुने र विशेषगरी कच्ची घरहरूमा आगलागीको जोखिम उच्च रहेका कारण सबै तह र समुदायमा भएका कच्ची घरलाई विस्थापन गर्दै अग्निप्रतिरोधि घर निर्माण र सुधारका लागि व्यक्ति र समुदायको योगदानमा आधारित सहयोगमा लगानी प्रवर्द्धन गर्ने । | आगलागीबाट हुने क्षति न्यून भएर जनधानको क्षतिमा उल्लेखनीय कमी आएको हुनेछ । | दीर्घकालीन र निरन्तर | • आर्थिक मामिला तथा कानून मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• नागिरक<br>• निजी क्षेत्र |
| १७ | जैविक प्रविधिमा लगानी: बाढी तथा पहिरो जोखिम न्यूनीकरणका लागि बायोइञ्जीनीयरिङ प्रविधिको प्रयोग गरी तटबन्ध निर्माण, वृक्षारोपण, वन संरक्षण, जलाधार संरक्षणजस्ता कार्यलाई प्रोत्साहन गर्ने । | नदी तटीय क्षेत्रमा बाढीबाट र पहाडी क्षेत्रमा पहिरोबाट हुने क्षति न्यून भएर सुरक्षित समाजको विकास गर्न जैविक प्रविधिमा लगानी प्रोत्साहित भएको हुनेछ । | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• विकास साझेदार<br>• स्थानीय तह<br>• समुदायमा आधारित समूह |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १८ | मर्मतसम्भार कोषः कमजोर भएका पूर्वाधारको प्रबलीकरण र विपद्पछिको तत्कालीन पुनर्निर्माण सुनिश्चित गर्न सबै मन्त्रालयअन्तर्गत आपत्कालीन मर्मतसम्भार कोषको स्थापना गर्ने । | जोखिमयुक्त भौतिक पूर्वाधारको प्रबलीकरण एबम मर्मत सम्भार कोषको स्थापना भएको हुनेछ । | निरन्तर | • विषयगत मन्त्रालय | • संघीय सरकार<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार |
| १९ | लैङ्गिक उत्तरदायी कार्यक्रम: सरकार, सार्वजनिक निकाय, निजी क्षेत्र र गैरसरकारी वा विकास साझेदारबाट समावेशी तथा अपाङ्गता एवं लैङ्गिकमैत्री विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने । | विपद् जोखिम व्यवस्थापनका कार्यक्रमामा सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका वर्गको सहज पहुँच भएको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय | • प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• निजी क्षेत्र |

**प्राथमिकता प्राप्त कार्य ९: विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी प्रवर्द्धन:**

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने सरकारी एवं सार्वजनिक निकाय, दातृ निकाय विकास साझेदार र निजी क्षेत्रबाट हुने लगानी अभिवृद्धि गर्न निम्न अनुसारका रणनीतिक कार्य गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | निजी लगानी वृद्धिः<br>विपद् जोखिम न्यूनीकरणका विषयगत क्षेत्रमा निजी लगानीका स्रोत पहिचान र व्यवसायिक सामाजिक जिम्मेवारी कार्यक्रममार्फत् लगानी वृद्धि गर्ने । | विपद् जोखिम न्यूनीकरणमा व्यवसायिक सामाजिक जिम्मेवारी अन्तर्गत लगानी वृद्धि भएको हुनेछ । | मध्यकालीन र निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• सरोकारवाला निजी क्षेत्र | • विषयगत मन्त्रालयहरू<br>• स्थानीय तह<br>• औद्योगिक तथा व्यवसायिक प्रतिष्ठान<br>• वित्तीय संस्था |
| २ | सुरक्षित व्यवसायको विकास:<br>औद्योगिक प्रतिष्ठान, कलकारखाना, व्यापार केन्द्रजस्ता क्षेत्रको विकासको लागि सुरक्षति स्थलको छनोट, निर्माण र सञ्चालन निश्चित मापदण्डका आधारमा गर्ने नीतिगत व्यवस्था गरी निजी लगानी प्रवर्द्धन गर्ने । | सञ्चालनमा रहेका र स्थापना हुने उद्योग, व्यापारिक भवन एवं कलकारखाना र त्यसमा काम गर्ने कर्मचारी, मजदुर र क्रेता वा ग्राहक सुरक्षित बनाउन आवश्यक नीतिगत व्यवस्थामा निजी लगानी प्रवर्द्धन भएको हुने छ । | मध्यकालीन र निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• निजी क्षेत्र<br>• स्थानीय तह<br>• सञ्चार माध्यम |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४ | व्यवसाय निरन्तरता योजनाः<br><br>सरकारी निकाय, आपत्कालीन कार्य सञ्चालन केन्द्र, साना व्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तर सञ्चालन गरी सेवा प्रवाह सुनिश्चित गर्न व्यवसाय निरन्तरता योजना तयार गर्न प्रोत्साहन गर्ने । | निजी तथा सार्वजनिक क्षेत्रका सबै निकाय र व्यवसायिक प्रतिष्ठान विपद्पछि पनि निरन्तर सञ्चालन भई सेवा प्रदान गर्न सक्षम भएका हुनेछ । | निरन्तर | • सम्बन्धित निकाय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• उद्योग वाणिज्य महासंघ<br>• रेडक्रस सोसाइटी<br>• विकास साझेदार |
| ५ | जोखिम न्यूनीकरणका लागि प्रोत्साहनः<br><br>विपद् जोखिम न्यूनीकरणका कार्यमा निजी क्षेत्रको प्रत्यक्ष संलग्नता र लगानी प्रवर्द्धनका लागि स्रोत परिचालनलाई प्रोत्साहनको व्यवस्था गर्ने । | निजी तथा सार्वजनिक क्षेत्रबाट आवश्यक पर्ने स्रोत परिचालन भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• मुख्यमन्त्रीको कार्यालय<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• सरोकारवाला निकाय |
| ६ | जोखिम हस्तान्तरणमा अनुदानः<br><br>विपद् जोखिम हस्तान्तरणका विधि अवलम्बन गर्न आवश्यक कार्यविधि तयार गरी जोखिम हस्तान्तरण विधिमा निजी लगानीलाई प्रोत्साहित गर्ने । | सिमान्तीकृत वर्गमा जोखिम हस्तान्तरणको अभ्यास बढ्नेछ र उत्थानशीलता अभिवृद्धि भएको हुनेछ | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • सामाजिक विकास मन्त्रालय<br>• विकास सझेदार<br>• निजी क्षेत्र |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७ | निजी क्षेत्रमा विपद् व्यवस्थापन कोषको स्थापना:<br>व्यवसायिक प्रतिष्ठान, उद्योग एवं अन्य निजी व्यवसायीहरूबाट व्यवसाहिक सामाजिक उत्तदायित्व (CSR) अन्तर्गत कोष परिचालन गर्दा निश्चित प्रतिशत रकम छुट्याएर विपद् व्यवस्थापनमा लगानी गर्ने वातावरण बनाउन नीतिगत रूपमा प्रोत्साहन गर्ने । | विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको लगानीमा जिम्मेवारीयुक्त सहभागिता सुनिश्चित भएको हुनेछ । | निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय | • आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>• उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>• उद्योग वाणिज्य महासङ्घ<br>• सबै निजी क्षेत्र |
| ८ | अन्य स्रोत परिचालन:<br>महत्वपूर्ण पूर्वाधारहरू र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि द्विपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय स्रोतहरूको परिचालन गर्ने । | विपद् जोखिम न्यूनीकरणमा विभिन्न क्षेत्रको स्रोत परिचालन भएर उत्थानशील विकासमा योगदान मिलेको हुनेछ | नियमित | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• सामाजिक विकास मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• विकास साझेदार<br>• जनिजी क्षेत्र |

## ६.२. रणनीतिक कार्य १०: विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

विपद् जोखिम न्यूनीकरणका नवप्रवर्तनमुखी कार्यलाई सङ्कटासन्न र प्रभावित समुदायसम्म प्रभावकारी बनाएर राहतमा हुने लगानी घटाउनका निमित्त सबै क्षेत्रको विपद्जन्य जोखिम हस्तान्तर गर्न प्रदेश सरकारले देहायका कार्य गर्नेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक तथा निजी सम्पत्तिको बिमा: सरकारी एवं सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू र निजी भवनहरू, उद्योग, व्यवसाय, कलकारखाना आदिको बिमा गरी जोखिम हस्तान्तरणलाई अनिवार्य गराउने । | प्रदेशका सबै प्रकारका सम्पत्तिको विपद्जन्य जोखिम हस्तान्तरण भएर आर्थिक क्षतिको पूर्ति सुनिश्चत भएको हुनेछ । | मध्यकालीन र निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • विषयगत मन्त्रालयहरू<br>• बिमा कम्पनीहरू<br>• विकास साझेदार<br>• निजी क्षेत्र |
| २ | कृषि तथा पशु बिमाः विशेषगरी विपद्को जोखिममा रहेका क्षेत्रको कृषि तथा पशु बिमामार्फत् जोखिम हिस्सेदारीको विद्यमान अभ्यासलाई अझ प्रभावकारी बनाउने । | कृषि तथा पशु उत्पादनमा हुने क्षतिको पूर्ति सुनिश्चत भएर सामुदायिक उत्थानशीलता वृद्धि भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • कृषि तथा भूमि व्यवस्था, मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• विकास साझेदार<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | कर्जा बिमा गराउने:<br>कृषि, व्यवसाय, उद्योग तथा सबै व्यवसायिक क्षेत्रमा विपदबाट हुनसक्ने क्षतिको परिपूर्तिका लागि त्यस्ता क्षेत्रमा लगानी हुने कर्जाको योगदानमा आधारित बिमाको व्यवस्था गर्ने । | कृषि तथा व्यवसायिक कर्जा विपद् जोखिम बिमामार्फत् सुरक्षित भएका हुनेछन् । | अल्पकालीन | • आर्थिक मामिला तथा योजना मन्त्रालय | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• बिमा कम्पनी<br>• वित्तीय संस्थाहरू |
| ४ | सामुदियक बिमा कोष:<br>समुदायमा आधारित संस्थाका सदस्य एवं कार्यदलका सदस्य, विपद् व्यवस्थापन स्वयंसेवकलगायत मानिस र मानवीय सम्पत्तिको सामूहिक बिमाका लागि कोषको व्यवस्था गरी सिमान्तीकृत र भूमिहीन वर्ग वा गरीबीको रेखा मुनी रहेका परिवारको सामूहिक बिमामार्फत् जोखिम हस्तान्तरको व्यवस्था गर्ने | समुदायका विपन्न वर्गको विपद् जोखिम हस्तान्तरणद्वारा क्षति पूर्ति सुनिश्चत भएर समुदायको आर्थिक विकासमा योगदान मिलेको हुनेछ । | निरन्तर | • सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• बिमा कम्पनीहरू<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | विपद् व्यवस्थापन कोषः<br>प्रदेशमा विपद्को समयमा परिचालन गर्न सकिनेगरी बहूसरोकारवाला निकाय र विकास साझेदार एवं नीजि क्षेत्रको सहभागितामा विपद् व्यवस्थापन कोषको स्थापना गर्ने । | प्रदेशमा विपद् व्यवस्थापन कोषको स्थापना भई आपत्कालीन समयमा प्रभावकारी मानवीय सहयोग सुनिश्चित भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • आर्थिक मामिला तथा योजना मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

## ६.३. रणनीतिक कार्य ११: समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन

समुदाय स्तरमा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणलाई सुनिश्चित गर्न समुदायको प्रत्यक्ष संलग्नता, सहभागिता र स्वामित्वमा काम गर्ने गरी निम्न अनुसार काम गरिनेछः

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित विपद् व्यवस्थापन समितिको प्रवर्द्धनः विशेषगरी विपद्को जोखिम देखिएका एवं अन्य समुदायमा समेत समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम प्रवर्द्धन गर्ने । | समुदाय स्वयं विपद्को जोखिम न्यूनीकरण र सामना गर्न अग्रसर हुने वातावरण तयार भएको हुनेछ । | निरन्तर | • स्थानीय तह<br>• नागरिक परिवार र नागरिक समूह | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | सामुदायिक कार्यक्रम सञ्चालन: विपद्को प्रकार, प्रकृति र प्रभावका आधारमा विशिष्ट कार्यक्रम तयार गरी समुदाय स्वयंलाई परिचालन गरेर विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न लगानी गर्ने । | समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रमबाट उत्थानशील सममुदायको विकास भएको हुनेछ । | निरन्तर | • स्थानीय तह<br>• नागरिक परिवार र नागरिक समूह | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालयहरू<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ३ | सामूदायिक जोखिम लेखाजोखा: विपद्को उच्च जोखिममा रहेका क्षेत्रका समुदायको विपद् जोखिम र क्षमता लेखाजोखा गरी जोखिम नक्शाङ्कन र अभिलेखीकरण गर्ने । | सबै समुदायको विपद् तथा जलवायु परिवर्तन सम्बनधी जोखिम नक्शाङ्कन भएको हुनेछ | निरन्तर | • स्थानीय तह<br>• नागरिक र नागरिक समूह | • आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• अन्य सम्बन्धित मन्त्रालय<br>• विकास साझेदार |
| ४ | जनचेतना अभिवृद्धि:<br>समुदायको प्रकृति, विपद्को प्रकार, प्रकृति, बारम्बारता र प्रभावका आधारमा जोखिम न्यूनीकरणका विधिसहित जनचेतना र क्षमता विकासका लागि लगानी सुनिश्चत गर्ने । | समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणमा लगानी र चेतना वृद्धि भएको हुनेछ । | निरन्तर | • स्वास्थ्य मन्त्रालय<br>• स्थानीय तह | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• विकास साझेदार |

# अध्याय ७

# प्राथमिकता प्राप्त क्षेत्र ४ः
# प्रभावकारी विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्षेत्र समेटेर विपद् परिहालेमा त्यसको सामना गर्दै विपद् पछिको शीघ्र पुनर्लाभसहित पुनर्निर्माण र पुनःस्थापनलाई उत्थानशील, दिगो र भरपर्दो बनाउन पहिले नै तयारी अवस्थामा रहनु पर्ने हुन्छ । यसका लागि मूलतः पूर्वतयारीलाई सुदृढ बनाउने कार्य समेटिएका छन् । यस रणनीतिको अन्तिम प्राथमिकता प्राप्त क्षेत्रअन्तर्गत निम्नअनुसारका चार प्राथमिकताप्राप्त कार्य पहिचान गरी कार्ययोजना तयार गरिएको छः

| | |
|---|---|
| प्राथमिकता प्राप्त कार्य १२ः | प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी |
| प्राथमिकता प्राप्त कार्य १३ः | बहू-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार |
| प्राथमिकता प्राप्त कार्य १४ः | खोज तथा उद्धार क्षमता विकास |
| प्राथमिकता प्राप्त कार्य १५ः | उत्थानशील पुनर्निर्माण र पुनःस्थापनाका लागि “अझ राम्रो र बलियो निर्माण” अवधारणाको प्रवर्द्धन |

## ७.१. प्राथमिकता प्राप्त कार्य १२ः प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरण

विपद्का समयमा खोज, उद्धार र राहतलाई प्रभावकारी बनाएर मानिस, मानवीय सम्पत्ति, जीविकोपार्जन सुनिश्चित गर्न आवश्यक पूर्वतयारीका लागि प्रदेश सरकारले देहायका कार्य गर्नेछः

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | प्रतिकार्य योजना तर्जुमा: आपत्कालीन समयमा खोज, उद्धार र राहत व्यवस्थापनका लागि प्रदेश विपद् प्रतिकार्य कार्य ढाँचा र विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना निर्माण गर्ने। | प्रदेश विपद् प्रतिकार्य कार्य ढाँचा र विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ। | अल्पकालीन | आनतरिक मामिला तथा कानून मन्त्रालय | • विपद् व्यवस्थापन परिषद<br>• विपद् व्यवस्थापन कार्यकारी समिति<br>• विषयगत मन्त्रालय<br>• विकास सझेदार |
| २ | आपत्कालीन सामग्री भण्डारगृह स्थापना: प्रदेशले सबै जिल्लामा आपत्कालीन सामग्री भण्डारणका लागि भण्डारगृह स्थापना गरी विपद्को प्रकृति र जनसङ्ख्याका आधारमा समग्री मौज्दात राख्ने । | प्रदेशमा आपत्कालीन समयमा आधारभूत सामग्रीको उपलब्धता सहज भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• दातृ निकाय<br>• नेपाल रेडक्रस सोसाइटी विकास सझेदार |
| ३ | आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना एवं क्षमता विकास : प्रदेश, जिल्ला, स्थानीय तहका साथै राष्ट्रिय आपत्कालीन कार्य सञ्चालनकेन्द्रसँग समन्वय गरी प्रभावकारी विपद् प्रतिकार्यका लागि प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना एवं क्षमता विकास गर्ने । | प्रदेशका सबै जिल्ला, स्थानीय तह र केन्द्रबीच समन्वय र सहकार्य अभिवृद्धि भएर विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालीन र निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• विकास सझेदार<br>• स्थानीय तह |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४ | आश्रयस्थलहरूको विकास:<br>प्रत्येक स्थानीय तहमा आवश्यकता अनुसार खुला स्थानको पहिचान तथा व्यवस्थापन गरी आपत्कालीन समयमा उपयोग गर्न सक्नेगरी आश्रयस्थल निर्माण गर्ने। | आपत्कालीन समयमा प्रभावित र घरबाट विस्थापितका लागि सुरक्षित आवाशको सुनिश्चितता भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • स्थानीय तह | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• नेपाल रेडक्रस सोसाइटी |
| ५ | स्थानीय तहलाई सहयोग:<br>स्थानीय तहलाई नीतिगत व्यवस्था, विपद् तथा जलवायु सिकाइ केन्द्र र आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना, पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि आवश्यक सहयोग गर्ने। | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा स्थानीय तह र नागरिक तथा नागरिक समूहको क्षमता अभिवृद्धि भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ६ | विषयगत समूह **(Cluster)** को गठन: प्रदेश, जिल्ला र स्थानीय तहमा आवश्यकता अनुसारका विषयगत क्षेत्रको व्यवस्था गरी विपद्का समयमा परिचालन गर्न सकिनेगरी तयारी अवस्थामा राख्ने । | विषयगत क्षेत्र अनुरुप मानवीय सहयोग परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | अल्पकालीन र निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• विकास साझेदार<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• सञ्चार माध्यम |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७ | सामुदायिक पूर्वतयारी: समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरूलाई विपद्को सामना गर्नका लागि स्थान र विपद्को प्रकृतिको आधारमा तयारी अवस्थामा राख्ने । | विपद्का समयमा व्यक्ति, परिवार र समुदायको जीवन र सम्पत्तिको रक्षामा स्थानीयको सक्रिय सहभागिता वृद्धि भएको हुनेछ। | निरन्तर | • समुदायमा आधारित समितिहरू<br>• स्थानीय तह | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ८ | सार्वजनिक क्षेत्रको पूर्वतयारी योजना: दूरसञ्चार, विद्युत्, बैङ्क, उद्योग, कलकारखाना, शिक्षालय, अस्पताल र स्वास्थ्य केन्द्र लगायत निजी तथा सार्वजनिक क्षेत्रका अत्यावश्यक सेवा प्रदायक निकायको आपत्कालीन समयमा पनि सेवा निरन्तर सञ्चालन गर्न सिकन्गरी व्यवसायिक सेवा योजना तयार गरी लागू गर्ने । | विपद्का समयमा समेत सार्वजनिक र निजी क्षेत्रको सेवा प्रवाह प्रभावकारी भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• दातृ संस्था<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ९ | सूचना प्रणालीको स्थापना: प्रदेशका सबै जिल्ला र स्थानीय तहमा आपत्कालीन सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने । | विपद्को समयमा सूचना सम्प्रेशण प्रभावकारी भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चार क्षेत्र<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १० | आपत्कालीन स्वास्थ्य केन्द्र: विपद्को समयमा प्रभावित क्षेत्रहरूमा आपत्कालीन उपचार केन्द्र र ट्रमा सेण्टर स्थापना गर्ने । | आपत्कालीन अवस्थामा सबै मानिसले सहज रूपमा स्वास्थ्योपचार प्राप्त गरेका हुनेछन् । | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ११ | विशेष सेवा व्यवस्था: प्रदेश र स्थानीय तहका भण्डारण गृहहरूमा महिला, गर्भवती र स्तनपान गराउने महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति तथा बिरामीलक्षित सामग्री र उपकरणहरू पर्याप्त भण्डारण गर्ने र उनीहरूको पहुँच सुनिश्चित गर्ने । | विपद्का समयमा वशिष्ट आवश्यकता भएका सबै वर्गले आफ्ना आवश्यकता बमोजिमको मानवीय सहयोग प्राप्त गरेका हुनेछन्। | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • सामाजिक विकास मन्त्रालय<br>• आर्थिक मामिला तथा योजना मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| १२ | मनोसामाजिक सेवा: विपद्का कारण त्रासमा परेका वर्गलाई मनोसामाजिक सेवा प्रदान गर्ने विज्ञ वा सेवकको Roster तयार गरि पूर्व वन्दोवस्त गर्ने । | विपदबाट विक्षिप्त भएका व्यक्तिको जीवन सामान्य अवस्थामा आएको हुनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• स्वास्थ्य सेवा प्रदायक निकाय<br>• विकास साझेदार |

| क्र सं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १३ | लेखाजोखा एवं तथ्याङ्क व्यवस्थापन इकाईः प्रदेश तथा स्थानीय तहमा विपद् पश्चातको क्षतिको लेखाजोखा एवं तथ्याङ्क व्यवस्थापन समन्वय इकाई (Assessment and Coordination Team-ACT) गठन गरी क्षमता विकास एवं विस्तार गरिनेछ । | विपद् पश्चातको क्षतिको लेखाजोखा एवं तथ्याङ्क व्यवस्थापन प्रभावकारी भएको हुनेछ । | मध्यकालीन र निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• सञ्चार क्षेत्र<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

## ७.२ प्राथमिकता प्राप्त कार्य १३: बहू-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तारः

विपद् पर्नु पहिले नै मानिस र मानवीय सम्पत्तिको रक्षाका लागि जोखिममा रहेका समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण कार्य सुनिश्चित गर्न पूर्वसूचना प्रणालीको विकास र विस्तार गरिनेछ । यसका लागि निम्नअनुसारका क्रियाकलाप गरिनेछ छः

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | पूर्वसूचना प्रणालीको विकास र विस्तारः बहूप्रकोप जोखिम क्षेत्रमा संघीय सरकारसँग समन्वय र सहयोग लिएर अन्तरप्रदेश र अन्तरदेशीय पूर्वसूचना प्रणालीको विकास र विस्तार गर्ने । | बहूप्रकोप जोखिम क्षेत्रका नागरिकहरूले समयमै अन्तरप्रदेश र अन्तरदेशीय सूचना प्राप्त गरेका हुनेछन् । | अल्पकालीन र निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • संघीय सरकार<br>• जल तथा मौसम विज्ञान विभाग<br>• खानी तथा भूगर्भ विभाग<br>• आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | सामुदायिक पूर्वसूचना विधिको प्रवर्द्धन: अत्याधुनिक पूर्वसूचनामा पहुँच नभएका ग्रामीण क्षेत्रका समुदायका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको प्रवर्द्धन गरी पहुँच कायम गराउने । | समुदायले विपद्सम्बन्धी सूचना सहज रूपमा प्राप्त गरी जीवन र सम्पत्ति रक्षा गर्न सहयोग भएको हुनेछ। | निरन्तर | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | • जल तथा मौसम विज्ञान विभाग<br>• खानी तथा भूगर्भ विभाग<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ३ | सन्देशमा विकास र सम्प्रेषण: विपद्को समयमा कसरी सुरक्षित रहने भन्ने विषयका सन्देश स्थानीय भाषामा समेत तयार गरी सम्प्रेशण गर्ने । | बहुविपद्का सम्बन्धमा नागरिक बुझाइ समान भएर विपद्को सामना क्षमता विकास भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• सञ्चारमाध्यम वा सञ्चारकर्मी<br>• निजी क्षेत्र |
| ४ | सञ्चार साझेदारी: दूरसञ्चार सेवा प्रदायक निकायहरूसँग समन्वय गरी बहुविपद् पूर्वसूचना सरल भाषामा एसएमएस सन्देशका माध्यमबाट पूर्वसूचना गर्ने। | नागरिक तहसम्ममा विपद्को पूर्वसूचना सम्प्रेषण भई सुरक्षित हुने अवसर प्राप्त भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• सुरक्षा निकाय<br>• स्थानीय तह<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | सडक सम्बन्धी सूचना:<br>सडकमा स्पष्ट लेन, सडक बत्ती, जेब्रा क्रसिङ निर्माण, सवारी सञ्चालन अनुशासन र नागरिक अनुशासनमा सुधार गरी सडक सुरक्षाका विधि, दुर्घटनाग्रस्तका सङ्केतसहित पूर्वजानकारी सङ्केतका चिन्ह र उपकरण प्रवर्द्धन गर्ने । | सडकका आधारभूत सेवा कार्यान्वयनमा आएर चालक र पैदल यात्रु तथा सडक उपयोगकर्तामा चेतना अभिवृद्धि भई दुर्घटना हुने सङ्ख्यामा कमी आएको हुनेछ । | निरन्तर | भौतिक पूर्वाधार विकास मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• प्रदेश ट्राफिक प्रहरी<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ६ | विशेष वर्ग लक्षित पूर्वसूचना:<br>आपत्कालीन समयमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, सञ्चारसाधनबाट बञ्चित वा पूर्ण उपयोग गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिका लागि साङ्केतिक भाषा वा अपाङ्गता अनुसारका भाषामा सूचना सम्प्रेशण गर्ने। | अपाङ्गता भएका वा अन्य विशेष वर्गका मानिसमा विपद्सम्बन्धी जानकारी र पूर्वसूचनाको पहुँच वृद्धि भएको हुनेछ । | निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन<br>• स्थानीय तह<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• विकास साझेदार<br>• निजी क्षेत्र |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७ | आगलागीको सङ्केत प्रणालीको जडान: सबै क्षेत्र र तहका सार्वजनिक तथा निजी भवन, विद्यालय, अस्पताल तथा महत्वपूर्ण पूर्वाधार, उद्योग तथा कलकारखाना, व्यापारिक केन्द्रमा विशिष्ट प्रकारका सूचना दिने उपकरण अनिवार्य रूपमा जडान गर्ने । | सबै तह र निकायमा आगलागीको सङ्केत प्राप्त भएर मानवीय क्षति न्यून भएको हुनेछ । | अल्पकालीन र निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र<br>• विषयगत मन्त्रालय<br>• सञ्चारकर्मी र सञ्चारमाध्यम<br>• विकास साझेदार<br>• निजी क्षेत्र |

## ७,३ रणनीतिक कार्य १४: खोज तथा उद्धार क्षमता विकास

विपद्का समयमा गरिने खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रदेश, स्थानीय तह र समुदायसम्म खोज तथा उद्धारको क्षमता विकासका लागि निम्नअनुसार काम गरिनेछ:

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन कार्यसञ्चालन केन्द्रको क्षमता विकासः<br>प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको स्थापना, विस्तार र कर्मचारीको क्षमता विकास गर्ने। | प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको समन्वय प्रभावकारी भएको हुनेछ । | निरन्तर | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह | • संघीय सरकार<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | प्रदेश तहमा खोज तथा उद्धार कार्यदल गठनः प्रदेशमा विपद् प्रतिकार्यका लागि प्रदेशस्थित सुरक्षा निकायमा खोज तथा उद्धार दल गठन गरी क्षमता विकास गर्ने । | प्रदेशमा आफ्नै खोज तथा उद्धार कार्यदल भएर विपद् प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • संघीय सरकार<br>• मुख्यमन्त्रीको कार्यालय<br>• सुरक्षा निकाय<br>• दातृ निकाय<br>• विकास साझेदार |
| ३ | सडक उद्धार समूह निर्माण: सडक दुर्घटनामा परिचालन हुने उद्धार कार्यदलको क्षमता (प्राथमिक स्वास्थ्य उपचार र स्वास्थ्य सामग्री सहित) विकास गरी २४ सै घण्टा सञ्चालन हुनेगरी उपकरणसहित तयारी अवस्थामा राखे । | सडक दुर्घटनाको तत्कालै उद्धार र प्रभावकारी प्रतिकार्य भएको हुनेछ | अल्पकालीन | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • सुरक्षा निकाय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह<br>• ट्राफिक प्रहरी<br>• विकास साझेदार |
| ४ | आपत्कालीन स्वास्थ्य सेवा: विपदमा परेर घाइते भएका व्यक्तिको तत्कालीन उपचारका लागि दक्ष उपचारक र सामग्रीको पर्याप्तता सुनिश्चित गर्ने। आपतकालिन स्वास्थ्य सेवा सडक उद्धार समूह विच समन्वयकारी रुपमा द्रुत सेवा प्रवाह गर्न SOP निर्माण गरि कार्यान्वयन गर्ने । | आपत्कालीन उपचार प्रभावकारी र सेवामा सबैको पहुँच कायम भएको हुनेछ | निरन्तर | स्वास्थ्य मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• प्रदेश योजना आयोग<br>• स्थानीय तह<br>• सरकारी तथा निजी अस्पतालहरू<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | सिकाइ आदानप्रदान: प्रदेशमा भएका विपद् व्यवस्थापनका कार्य र उपलब्धि, विपद्को प्रकार, प्रकृति, प्रभाव र मानिसको सामना क्षमता लगायतका विषयमा अनुभव आदानप्रदानका लागि वर्षमा दुईपटक (मनसुन पहिले र पछि) कार्यशाला आयोजना गर्ने। | प्रदेशका सबै स्थानीय तहबीच विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यमा ज्ञान आदानप्रदान भएर उत्थानशीलता विकासमा सहयोग पुगेको हुनेछ । | निरन्तर | आन्तरकि मामिला तथा कानून मन्त्रालय | • मुख्यमन्त्रीको कार्यालय<br>• प्रदेश योजना आयोग<br>• विषयगत मन्त्रालय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |
| ६ | समुदायको क्षमता विकास: समुदायमा आधारित समूह, सामुदायिक संस्थाहरू (बाल क्लब, युवा क्लब, आमा समूह, वरिष्ठ नागरिक मञ्च, नागरिक सरोकार केन्द्र, आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने । | समुदाय विपद् जोखिम न्यूनीकरण र विपद्को सामना गर्न सक्षम भएको हुनेछन् । | निरन्तर | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • सुरक्षा निकाय<br>• भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ७ | कृत्रिम घटना अभ्यास सञ्चालन:<br>प्रदेश, जिल्ला र स्थानीय तहमा कम्तीमा वर्षको एक पटक विपद्को प्रकृतिको आधारमा विपद् पूर्वतयारी अभ्यास (कृत्रिम घटना अभ्यास) सञ्चालन गर्ने । | विपद् प्रतिकार्य सम्बन्धी कार्यहरूलाई प्रभावकारी बनाउन सहयोग पुगेको हुनेछ । | निरन्तर | आन्तरकि मामिला तथा कानून मन्त्रालय | • मुख्यमन्त्रीको कार्यालय<br>• विषयगत मन्त्रालय<br>• सुरक्षा निकाय<br>• निजी क्षेत्र<br>• विकास साझेदार |

## ७.४ प्राथमिकता प्राप्त कार्य १५: उत्थानशील पुनर्निर्माण, पुनःस्थापना र पुनर्लाभिका लागि “अझ राम्रो र बलियो निर्माण” को प्रवर्द्धन

**विपद्पछिको शीघ्र पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनालाई प्रभावकारी र विपद् उत्थानशील बनाउन निम्नअनुसार कार्य गरिनेछ:**

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | पुनःस्थापन कार्यविधि: विपद् प्रभावित परिवारको पुनर्वास निर्देशिका तयार गर्ने । | विपद्पछिको पुनःस्थापना सुरक्षित भएको हुनेछ। | अल्पकालीन | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | • भौतिक पूर्वाधार तथा विकास मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| २ | क्षमता विकास: प्रकोप प्रतिरोधी "अझ राम्रो र बलियो निर्माण" निर्माणको अवधारणाअनुरुप पुनर्निर्माणका लागि इन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत् क्षमता अभिवृद्धि गर्ने। | विपद्पछिको पुनर्निर्माणमा दक्ष जनशक्ति परिचालन भएको हुनेछ। | निरन्तर | • भौतिक पूर्वाधार विकास मन्त्रालय<br>• स्थानीय तह | • प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३ | मापदण्ड निर्माण: सबै प्रकारका भौतिक पूर्वाधारको विपद् प्रतिरोधि पुनर्निर्माण मापदण्ड तयार गरी लागू गर्ने। | विपद्पछिको पुनर्निर्माण जोखिमरहित हुने सुनिश्चत भएको हुनेछ । | अल्पकालीन | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| ४ | प्रविधि हस्तान्तरण:<br>विपद्पछिको पुनर्निर्माणलाई अझ राम्रो र बलियो बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविधि प्राप्त गर्ने र हस्तान्तरण गर्ने । | विपद्पछिको पुनर्निर्माणमा अत्याधुनिक प्रविधिको उपयोग भएको हुनेछ । | मध्यकालीन र निरन्तर | • भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | • प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार |

| क्रसं. | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | समावेशी निर्माण:<br><br>विपद् प्रभावित क्षेत्रमा बृद्धाश्रम, अनाथालय, सामुदायिक भवनजस्ता भौतिक पूर्वाधारको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने। | विपद्पछिको पुनर्निर्माण र पुन:स्थापन सबै वर्गमैत्री र सहज पहुँचयुक्त भएका हुनेछन् । | निरन्तर | • भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | • प्रदेश योजना आयोग<br>• आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• स्थानीय तह<br>• दातृ निकाय<br>• विकास साझेदार<br>• सामाजिक विकास मन्त्रालय |
| ६ | पुनर्निर्माण योजना तयारी: विपद्पश्चात पुनर्निर्माण गर्दा विपद् जोखिम आँकलन गरी भौतिक पूर्वाधारहरूको योजनासहित एकीकृत वस्ती विकास गर्ने योजनाको ढाँचा र मापदण्ड तयार गर्ने । | विपद्पछि हुने पुनर्निर्माण विपद् उत्थानशील भएको हुनेछ । | दीर्घकालीन | • भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | • आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय<br>• अन्य विषयगत मन्त्रालय<br>• दातृ निकाय<br>• विकास साझेदार |

# अध्याय ८ रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्य योजनाको कार्यान्वयनका लागि प्रदेश सरकारले विभिन्न क्षेत्रबाट स्रोतको परिचालन गर्नेछ । विकाससँग सम्बन्धित विषयगत क्षेत्रमा जोखिम न्यूनीकरणलाई सुनिश्चित गर्न सम्बन्धित विकास योजनामा नै बजेट विनियोजन हुनेछ । त्यसका साथै विपद्सम्बन्धी अलग्गै गर्नु पर्ने कार्यका लागि वार्षिक कार्यक्रम र बजेटमा उल्लेख हुनेगरी विनियोजन हुनेछ । प्रदेश सरकारले खासगरी निम्नअनुसारका क्षेत्रबाट आर्थिक स्रोत व्यवस्था गर्नेछः

## ८.१. औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

(क) विषयगत मन्त्रालय वा निकायमा विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको लागि विनियोजित बजेट ।

(ख) विपद्पछि पुनर्लाभ र पुनर्निर्माणका लागि आवश्यकता लेखाजोखा अनुरुप विनियोजन भएको बजेट वा त्यस कार्यका लागि स्थापित कोष ।

(ग) प्रदेश सरकारले विपद् जोखिम व्यवस्थापन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न छुट्याएको कार्यक्रम सहितको बजेट ।

(घ) ठूला विपद्का घटनापछि अन्य आयोजनाको बजेटबाट सोही विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी रकमान्तर गरी व्यवस्था गरिएको स्रोत ।

## ८.२. प्रदेश तथा स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापनबाट व्यवस्था भएको बजेट

(क) प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि छुट्याइएको बजेट ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा प्रतिफल वा उपलब्धिका आधारमा दिइने वा प्राप्त हुने अनुदान ।

(ग) विपद् जोखिम न्यूनीकरणमा हुने अतिरिक्त व्ययभारको लागि थप अनुदान ।

## ८.३. नियामक प्रक्रियाबाट प्राप्त श्रोत

(क) शहरी र क्षेत्रीय योजना, जग्गा प्लटिङ्ग र अन्य भौतिक तथा पर्यावरणीय

कार्यक्रमको नियमनबाट प्राप्त स्रोत ।

(ख) सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्कबाट छुट्याइएको रकम ।

(ग) बिमा, बैंकिङ कारोबार र कर्जाका शर्तहरूबाट प्राप्त स्रोत ।

(घ) सम्पत्तिको मूल्याङ्कन र खरिद-बिक्री दस्तुरबाट उठेकोमध्ये छुट्याइएको रकम ।

(ङ) प्राकृतिक श्रोतसाधनहरू (वन, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) को व्यवस्थापन गर्दा प्राप्त रोयल्टीबाट छुट्याइएको रकम ।

## ८.४. विपद् व्यवस्थापन कोषको परिचालन

(क) सङ्घ, प्रदेश र स्थानीय तहबाट स्थापना भएका विपद् व्यवस्थापन कोषमा सञ्चित रकम।

(ख) समुदायमा आधारित समूहमा स्थापना भएका सामुदायिक विपद् व्यवस्थापन कोष।

(ग) द्विपक्षीय वा बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्र संघ र अन्य विकास साझेदारहरूबाट कोषमा जम्मा भएको सहयोग वा उनीहरूबाट सञ्चालन हुने विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमबाट परिचालित बजेट।

(घ) औद्योगिक तथा व्यापारिक संस्था, वित्तीय प्रतिष्ठानहरूले स्थापना गरेका विपद् व्यवस्थापन कोष वा सरकारी वा गैरसरकारी निकायबाट स्थापना भएका कोषमा गरिएको अनुदान सहयोग।

## ८.५. प्रदेशका लागि आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त कार्यक्रम सहयोग

(क) नेपाल सरकारबाट विपद् जोखिम न्यूनीकरणका लागि सञ्चालन हुने विशेष कार्यक्रममार्फत् प्राप्त बजेट ।

(ख) द्विपक्षीय तथा बहूपक्षीय सहयोगबाट प्राप्त विकास कार्यक्रम र बजेटमा निर्धारित रकम।

(ग) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका अन्तरसरकारी सङ्गठनहरूबाट प्राप्त हुने सहायता ।

(घ) दातृ निकाय, रेडक्रस अभियान, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसकारी संस्थाहरूबाट विपद् जोखिम व्यवस्थापन र मानवीय सहयोगका लागि सञ्चालन हुने कार्यक्रम, परियोजना आदिबाट परिचालन हुने रकम ।

(ङ) अन्य वैदेशिक सहयोग, अनुदान र ऋण सहयोगअन्तर्गत प्राप्त हुने रकम ।

## ८.६. अन्य स्रोतबाट प्रदेशलाई प्राप्त हुने स्रोत

(क) विपद् जोखिम हस्तान्तरण अन्तर्गत विपद्पछि बिमितले दावी गरी प्राप्त गर्ने बीमा सुविधाबाट प्राप्त लाभ वा करको हिसावबाट परिचालित रकम ।

(ख) विपद् व्यवस्थापनका लागि सरकारबाट निजी क्षेत्र वा नागरिकले प्राप्त प्रोत्साहन कर वा अन्य सहुलियत ।

(ग) विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका रणनीतिक कार्यका लागि प्रदेश सरकारले लगाउने अतिरिक्त कर वा शुल्क ।

(घ) व्यवसायिक सामाजिक जिम्मेवारी अन्तर्गत व्यवसायिक प्रतिष्ठानबाट परिचालन हुने स्रोत।

# अध्याय ९ अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

## ९.१. रणनीतिक कार्ययोजनाको कार्यान्वयनः

विपद् उत्थनशील विकासका लागि प्रत्येक क्षेत्रमा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण अनिवार्य प्रक्रिया भएकोले विकाससँग सम्बन्धित निकायले सहकार्य र समन्वय गरेर काम गर्नु पर्नेछ । त्यसैले विपद् जोखिम न्यूनीकरणका लागि निर्धारण गरिएका रणनीतिक क्रियाकलापहरू प्रदेशका वर्षिक योजना तथा कार्यक्रममा समायोजन गरेर मूलप्रवाहीकरणका माध्यबाट कार्यान्वयन गरिनेछ ।

प्रदेश सरकारले यस रणनीतिको कार्यान्वयनका लागि स्थानीय तह र समुदायमा आधारित संस्थाहरूसँग साझेदारी विस्तार गर्नेछ । आवश्यकता अनुसार संघीय सरकारसँग सहयोग लिएर र समन्वयमा आधारित भएर रणनीतिक कार्ययोजनाको कार्यान्वय गरिनेछ । यसक्रममा प्रदेशमा कार्यरत सरकारी निकाय र गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार, राजनीतिक दल र भातृ सङ्गठनलगायत समुदायमा आधारित समूहहरूको साझा कार्यका रूपमा कार्यान्वयन गरिनेछ ।

विपद् जोखिम व्यवस्थापनको कार्य सबैको साझा धारणा, दृष्टिकोण, समन्वय र सहकार्यबाट मात्र सम्भव हुने यस रणनीतक कार्ययोजनाको कार्यान्वयनको लागि निम्नअनुसारका विधि र उपाय अपनाइनेछन्ः

(१) विषयगत मन्त्रालय तथा निकायको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा अवलम्बन गरिनेछ ।

(२) योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन यसका क्रियाकलापलाई प्रदेशको आवधिक तथा वार्षिक कार्यक्रममा समायोजन गरिनेछ ।

(३) रणनीतिका प्राथिमकता प्राप्त कार्यलाई परियोजनाको रूपमा विकास गरी दातृ निकाय र विकास साझेदारसँगको सहकार्यमा समेत कार्यान्वयन गरिनेछ ।

(४) विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता दिन प्राथमिकताका आधारमा बहूवर्षीय कार्यक्रम तर्जुमा गरी आवश्कय स्रोत व्यवस्थापन गरिनेछ।

(५) कार्ययोजना कार्यान्वयनको लागि स्पष्ट नीतिगत र संस्थागत व्यवस्था गरिनेछ र

समयानुकूल परिमार्जन गरिनेछ ।

(६) यस कार्ययोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन सङ्घ र स्थानीय निकायका साथै बहूसरोकारवालासँग समन्वय गरिनेछ ।

(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास साझेदारले आफ्ना कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्रदान गर्दा यस रणनीतिक कार्ययोजनाको कार्यान्वयन सुनिश्चित गरिनेछ ।

## ९.२. अनुगमन तथा मूल्याङ्कनः

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाअनुसारका कार्यक्रम विषयगत मन्त्रालय, स्थानीय तह र विकास साझेदारका साथै निजी क्षेत्रबाट सञ्चालन हुनेछन् । यसरी सञ्चालन हुने कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी रूपमा गरिनेछ ।

सबै क्षेत्रबाट भएका कार्यको अनुगमन तथा मूल्याङ्कनका कार्यलाई सरकारको नियमित अनुगमन तथा मूल्याङ्कन प्रक्रियाभित्र नै समावेश गरिनेछ । यसरी गरिने अनुगमन र मूल्याङ्कनका लागि कार्ययोजना अनुसार नै आवश्यक सूचक तयार गरिनेछ । अनुगमन तथा मूल्याङ्कन देहायबमोजिम हुनेछः

(१) विपद् व्यवस्थापन कार्यकारी समितिले रणनीतिक कार्ययोजनाका क्रियाकलापका आधारमा विषयगत क्षेत्रअनुरुप अनुगमन र मूल्याङ्कनसम्बन्धी छुट्टा-छुट्टै सूचकसहितको ढाँचा तयार गरी विषयगत मन्त्रालयलाई उपलब्ध गराउनेछ । यसका आधारमा सम्बन्धित मन्त्रालय वा निकायले आफ्नो नियमित अनुगमन तथा मूल्याङ्कन सूचकको एक अभिन्न अङ्गका रूपमा लिएर गर्नु पर्नेछ।

(२) विषयगत मन्त्रालयले आफ्ना नियमित अनुगमन तथा मूल्याङकनका क्रममा नै विपद् जोखिम व्यवस्थापनका सूचकअनुसार अनुगमन तथा मूल्याङ्कन गरी त्यसको प्रतिवेदन विपद् व्यवस्थापन हेर्ने मन्त्रालय वा तोकिएको निकायमा पठाउनेछन् ।

(३) विपद् व्यवस्थापन कार्यकारी समितिले त्यस्ता प्रतिवेदनको अध्ययन गरी आवश्यक परेमा आफैं पनि अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ । प्राप्त अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन परिषदले समिक्षा गर्नेछ र प्राप्त सुझाव अनुसार आवश्यक निर्णय गर्न सक्नेछ ।

(४) विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा गैरसरकारी संस्था वा विकास साझेदार, निजी क्षेत्र वा नागरिक समाजमार्फत् भएका कार्यको अनुगमन तथा मूल्याङ्कन प्रदेशका

सम्बन्धित मन्त्रालय वा निकायले कार्यक्रमको क्रियाकलाप अनुरूप सूचक तयार गरी गर्नेछन् र त्यसको प्रतिवेदन विपद् व्यवस्थापन हेर्ने मन्त्रालय वा नियकाय र विपद् व्यवस्थापन कार्यकारी समितिमा पेश गर्नेछन् ।

(५) स्थानीय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय सम्बन्धित स्थानीय तहमा गठित विपद् व्यवस्थापन समितिले गर्नेछन् ।

(६) स्वीकृत सूचकका आधारमा भएको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमाथि प्रदेश विपद् व्यवस्थापन परिषद, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र विपद् व्यवस्थापन हेर्ने मन्त्रालय वा निकायले अध्ययन गर्नेछ । अध्ययनका क्रममा आवश्यक देखिएमा बाह्य तथा स्वतन्त्र अनुगमन तथा मूल्याङ्कन विज्ञबाट अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ ।

## ९.३. पुनरावलोकन र अध्यावधिकः

यस कार्ययोजनाको कार्यान्वयन २०७९-२०८७ (सन् २०२२-२०३०) रहेको छ । रणनीतिक कार्ययोजनाले पहिचान र सुनिश्चित गरेका क्रियाकलापको कार्यान्वयनका क्रममा कमी कमजोरी देखिए वा नयाँ कार्यक्रम थप गर्नु पर्ने भएमा वा कुनै क्रियाकलाप अस्वभाविक भएको देखिएमा प्रदेश सरकारले कुनै पनि समय पुनरावलोकन गर्न सक्नेछ । यस रणनीतिक कार्य योजनालाई देहायका अवस्थामा पुनरावलोकन र अद्यावधिक गरिनेछ:

(१) प्रदेशमा विनाशकारी विपद् भएमा र त्यस्ता विपद्पछिको सिकाइका आधारमा रणानीतिक कार्ययोजनामा परिमार्जन गर्नु पर्ने भएमा ।

(२) नेपाल सरकार वा प्रदेश सरकारका सम्बद्ध नीति र कानून परिमार्जन भएर रणनीतिक कार्ययोजनाको कार्यान्वयन गर्न नसकिएमा ।

(३) अनुगमन र मूल्याङ्कनको समीक्षा गरी कुनै विषयमा प्राप्त सुझावले परिवर्तन गर्न गरेको सिफारिस उपयुक्त देखिएमा

(४) यो रणनीतिक कार्य योजना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन , २०७४ परिच्छेद ६ को दफा १४(२क) बमोजिम प्रदेश विपद् व्यवस्थापन परिषदबाट स्वीकृत भई लागू गरिएको छ ।

# सन्दर्भ सामग्री


नेपाल सरकार, गृह मन्त्रालय (२०७६), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

नेपाल सरकार, गृह मन्त्रालय (२०७६), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था नियमावली २०७६ काठमाडौं

नेपाल सरकार, गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८- २०३० काठमाडौं

नेपाल सरकार, गृह मन्त्रालय (२०७६) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, काठमाडौं

नेपाल सरकार, गृह मन्त्रालय (२०७६), गोरखा भूकम्प २०७२: अनुभव र सिकाइ, काठमाडौं

नेपाल सरकार, गृह मन्त्रालय (२०७६), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५), काठमाडौं

नेपाल सरकार, नेपाल कानून आयोग (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०१६), नेपाल दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०२३, काठमाडौं

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) आधार पत्र, काठमाडौं

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (२०७६), राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, काठमाडौं

नेपाल सरकार, गृह मन्त्रालय (२०७१), विपद् व्यवस्थापन दिग्दर्शन काठमाडौं

संविधानसभा सचिवालय (२०७२), नेपालको संविधान, काठमाडौं

बुटवल उपमहानगरपालिका (२०७६), स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७६

प्रदेश योजना आयोग (२०७६), लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना आ.व. २०७६/७७ -२०८०/८१ प्रदेश सरकार लुम्बिनी प्रदेशबुटवल, नेपाल

बुटवल उपमहानगरपालिका (२०७५), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, बुटवल उपमहानगरपालिका बुटवल, नेपाल

आर्थिक मामिला तथा सहकारी मन्त्रालय (२०७९), आर्थिक वर्ष २०७९।८० नीति कार्यक्रम तथा बजेट वक्तव्य, प्रदेश सरकार लुम्बिनी प्रदेश बुटवल, नेपाल

MOE(2010). Climate Change Vulnerability Mapping for Nepal.Government of Nepal, Ministry of Environment, Kathmandu.

MOHA (2019). National Position Paper on Disaster Risk Reduction and Management. Prepared for the Global Platform on Disaster Risk Reduction, May, 2019. Geneva, Switzerland.

MOHA (2017). National Disaster Report 2017. Government of Nepal, Ministry of Home Affairs, Kathmandu.

MOHA (2015). National Disaster Report 2015. Government of Nepal, Ministry of Home Affairs, Kathmandu.

NPC (2015). Nepal Earthquake 2015. Post Disaster Need Assessment, Vol. A: Key Findings. Government of Nepal, National Planning Commission, Kathmandu.

NPC (2015). Nepal Flood 2017. Post Flood Recovery Need Assessment, Government of Nepal, National Planning Commission, Kathmandu.

NPC (2018). Nepal Multidimentional Poverty Index 2018.Government of Nepal, National Planning Commission, Kathmandu.

UNDP (2004). Reducing Disaster Risk: A Challenge for Development, A Global Report, United Nations Development Program.

UNDP (2017). Developing National Disaster Risk Reduction Policy and Strategic Action Plan in Nepal: 2016 – 2030. Lesson Learned from Recent Major Disasters in Nepal. United Nations Development Program/ Comprehensive Disaster Risk Management Program, Kathmandu.

UN (2015). Sendai Framework for Disaster Risk Reduction 2015-2030. United Nations…

UN (2016). Report on the Open-Ended Intergovernmental Expert Working Group on Indicators and Terminology Relating to Disaster Risk Reduction. United Nations…

UN (2015). Peris Agreement. United Nations

UN (2016). New Urban Agenda. United Nations

UN–ESCAP (2019). The Disaster Riskscape Across Asia Pacific. Asia Pacific Disaster Report 2019.United Nations Economic and Social Commission for Asia and Pacific.

UN (2015). Sendai Framework for Disaster Risk Reduction 2015-2030. United Nations.

UNISDR (2015). Disaster Risk Reduction and resilience in the 2030. Agenda for Sustainable Development. The United Nations Office for Disaster Risk Reduction.

UNISDR (2019) Global Assessment Report on Disaster Risk Reduction 2019. The United Nations Office for Disaster Risk Reduction.

kfl|jlws tyf k|sfzg ;xof]u M

unicef

for every child